# चुरे राजपत्र

## चुरे गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ७, संख्या: १०

कार्यपालिकाबाट स्वीकृत मिति:२०८१/१२/०६ राजपत्रमा प्रकाशित मिति:२०८१/१२/१०

भाग - २

# स्थानीय सडकमा यातायात संचालन तथा भाडा निर्धारण कार्यविधि, २०८१

**प्रस्तावना**: सवारी दुर्घटनाको रोकथाम गर्न, दुर्घटनाबाट पीडित पक्षलाई क्षतीपूर्ति दिलाउन, बीमा व्यवस्था गर्न र सर्वसाधारण जनतालाई सरल एवं सुलभ ढंगबाट यातायात सुविधा उपलव्ध गराउन यातायात सेवालाई सुदृढ, सक्षम तथा प्रभावकारी बनाउन वाञ्छनीय भएकोले, चुरे गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को खण्ड ११ को उपखण्ड (४) को (ट) र उपखण्ड (५) को (ग) अनुसार यो कार्यविधि बनाएको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"स्थानीय सडकमा यातायात संचालन तथा भाडा निर्धारण कार्यविधि, २०८१"** रहेको छ ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"गाउँपालिका"** भन्नाले चुरे गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ख) **"गाउँ कार्यपालिका"** भन्नाले चुरे गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) **"प्रमुख"** भन्नाले चुरे गाउँपालिकाको  गाउँपालिका अध्यक्षलाई सम्झनुपर्छ ।

(घ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले चुरे गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(ङ) **"ऐन"** भन्नाले सवारी तथा यातायात व्यवस्था सम्बन्धी ऐन, २०४९ लाई बुझ्नु पर्छ ।

(च) **"सवारी"** भन्नाले यान्त्रिक शक्तिबाट सडकमा चल्ने सवारीको साधन सम्झनु पर्छ ।

(छ) **"नियमावली"** भन्नाले सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ लाई सम्झनु पर्छ

(ज) **"सवारीको वजन"** भन्नाले सवारीको कूल वजन सम्झनु पर्छ।

**स्पष्टीकरणः "कूल वजन"** भन्नाले सवारीको इन्जीन, चेसिस, अन्य औजार तथा उपकरण लगायत सवारी दर्ताको प्रमाणपत्रमा लेखिएको सो सवारीको कूल भार वहन क्षमता समेतलाई जनाउँछ।

(झ) **"सार्वजनिक सवारी"** भन्नाले यातायात सेवामा प्रयोग गरिने सवारी सम्झनु पर्छ।

(ञ) **"यातायात सेवा"** भन्नाले सार्वजनिक सवारीले भाडा लिई एक ठाउँबाट अर्को ठाउँसम्म यात्री वा मालसामान ओसारपसार गर्ने कार्य सम्झनु पर्छ।

(ट) **"भाडा"** भन्नाले सार्वजनिक सवारीले यातायात सेवा प्रदान गरे बापत लिने रकम वा शुल्क सम्झनु पर्छ।

(ठ) **"यात्री"** भन्नाले सार्वजनिक सवारीबाट यात्रा गर्ने व्यक्ति सम्झनु पर्छ।

(ड) **"मालसामान"** भन्नाले मानिस बाहेक सार्वजनिक सवारीमा ओसारपसार गरिने पशुपन्छी तथा कुनै निर्जीव वस्तु सम्झनु पर्छ।

(ढ) **"यात्रीबाहक सवारी"** भन्नाले यात्रीहरूलाई यातायात सेवा प्रदान गर्ने सार्वजनिक सवारी सम्झनु पर्छ ।

(ण) **"मालबाहक सवारी"** भन्नाले मालसामान ओसारपसार गर्ने काममा प्रयोग गरिने सार्वजनिक सवारी सम्झनु पर्छ ।

(त) **"दर्ताको प्रमाणपत्र"** भन्नाले सम्बन्धीत निकायबाट सवारी दर्ता गरी दिइएको सवारी दर्ता प्रमाणपत्र सम्झनु पर्छ ।

(थ) **"चालक"** भन्नाले सवारी चालक अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(द) **"चालक अनुमतिपत्र"** अधिकार प्राप्त अधिकारीले दिएको सवारी चालक अनुमतिपत्र सम्झनु पर्छ ।

(ध) **"परिचालक"** भन्नाले परिचालक अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ र सो शब्दले सो सवारीमा काम गर्ने अन्य चेकर तथा हेल्परलाई समेत जनाउँछ ।

(न) **"सुरक्षाकर्मी"** भन्नाले यात्री, मालसामान तथा सवारीको सुरक्षाको जिम्मा लिने कर्मचारी सम्झनु पर्छ ।

(प) **"सार्वजनिक स्थान"** भन्नाले सार्वजनिक सडक, पेटी, गल्ली, नदी, पुल, बाटो वा सर्वसाधारण जनता आउने जाने, बस्ने ठाउँ सम्झनु पर्छ र सो शब्दले यात्रीहरू चढ्न, उत्रन वा सवारी राख्न निर्धारित ठाउँलाई समेत जनाउँछ ।

(फ) **"पार्किङ्गस्थल"** भन्नाले सवारी अड्याउने निर्धारित ठाउँ सम्झनु पर्छ ।

(ब) **"बस बिसौनी"** भन्नाले यात्रीबाहक सार्वजनिक सवारीमा यात्रीलाई यात्रा गर्ने प्रयोजनको लागि चढ्न र ओर्लनको निमित्त निर्धारित ठाउँ सम्झनु पर्छ ।

(भ) **"बाटो"** भन्नाले सावर्ज निक सवारी चलाउनलाई निर्धारित बाटो सम्झनु पर्छ ।

(म) **"लामोबाटो (लङ्ग रूट)"** भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट दुईसय पचास किलोमिटर वा सो भन्दा बढी दूरीको गन्तव्य स्थानसम्म पुग्ने बाटो सम्झनु पर्छ ।

(य) **"मध्यम बाटो (मिडियम रूट)"** भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट एकसय किलोमिटरभन्दा बढी तर दुईसय पचास किलोमिटरभन्दा कम्ती दूरीको गन्तव्य स्थानसम्म पुग्ने बाटो सम्झनु पर्छ ।

(र) **"छोटोबाटो"** भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट पच्चीस किलोमिटरदेखि एकसय किलोमिटरसम्मको दूरीको गन्तव्य स्थानसम्म पुग्ने बाटो सम्झनु पर्छ ।

(ल) **"स्थानीय बाटो"** भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट पच्चीस किलोमिटर भन्दा कम्ती दूरीको गन्तव्य स्थानसम्मको बाटो सम्झनु पर्छ ।

(व) **"बाटो इजाजतपत्र"** भन्नाले स्वीकृत बाटोमा सवारी चलाउन सम्बन्धीत निकायबाट प्राप्त गरेको इजाजतपत्र सम्झनु पर्छ ।

(श) **"जाँचपास"** भन्नाले सार्वजनिक सवारीको यान्त्रिक स्थितिको परीक्षण गरी दिइएको प्रमाणपत्र सम्झनु पर्छ ।

(ष) **"बीमा"** भन्नाले सवारी, यात्री, मालसामान, चालक, परिचालक, सुरक्षाकर्मी, सवारीमा काम गर्ने अन्य कर्मचारी तथा तेस्रो पक्षको सम्बन्धमा सवारी धनी वा व्यवस्थापकले गर्नु पर्ने बीमा सम्झनु पर्छ र सो शब्दले तत्सम्बन्धमा गरिने कम्प्रिहेन्सिभ बीमालाई समेत जनाउँछ ।

(स) **"सवारी धनी"** भन्नाले सवारी दर्ताको प्रमाणपत्रमा सो सवारीको धनी भनी लेखिएको व्यक्ति, फर्म, कम्पनी वा अन्य कुनै संगठित संस्था सम्झनु पर्छ ।

(ह) **"व्यवस्थापक"** भन्नाले पञ्जीकृत यातायात सेवामा संलग्न सार्वजनिक सवारीलाई व्यवस्थित रूपमा सञ्चालन गर्ने जिम्मा लिएको व्यक्ति सम्झनु पर्छ ।

(क्ष) **"यात्री गुण्टा"** भन्नाले यात्रीले आफनो साथमा लिई यात्रा गर्ने व्यक्तिगत प्रयोजनका मालसामान सम्झनु पर्छ ।

(त्र) **"ट्राफिक सङ्केत"** भन्नाले प्रहरी वा एक सवारी चालकले अर्को सवारीको चालकलाई दिएको सूचना, सङ्केत वा ईशारा सम्झनु

पर्छ र सो शब्दले सवारीको नियन्त्रण वा निर्देशनका लागि लिखित वा साङ्केतिक रूपमा टाँसेको, राखेको वा जडान गरिएको सूचना सङ्केत वा ईशारा समेतलाई जनाउँछ ।

(ञ) **"प्रदूषण"** भन्नाले सवारीबाट निस्कने ध्वनी तथा धुवाँको प्रदूषण सम्झनु पर्छ ।

(ञ१) **"कानून बमोजिमको निकाय"** भन्नाले नेपाल सरकार, निर्माण तथा यातायात मन्त्रालय, यातायात व्यवस्था कानून बमोजिमको निकाय सम्झनु पर्छ ।

(ञ२) **"अधिकार प्राप्त अधिकारी"** भन्नाले यातायात व्यवस्था कार्यालयका प्रमुख सम्झनु पर्छ र सो शब्दले स्थानीय यातायात सेवाको हकमा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई समेत जनाउँछ ।

(ञ३) **"व्यवस्थापन समिति"** भन्नाले खण्ड बमोजिम गठित यातायात व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ञ४) **"कानून"** भन्नाले सवारी तथा यातायात व्यवस्थापन सम्बन्धमा बनेका वा बन्ने संघीय वा प्रादेशिक वा स्थानीय कानूनलाई सम्झनु पर्छ ।

(ञ५) **"तोकिएको निकाय"** भन्नाले प्रचलित संघ, प्रदेश र स्थानीय कानूनमा सवारी तथा यातायात व्यवस्थापन सम्बन्धमा तोकिएको निकाय सम्झनु पर्छ ।

## परिच्छेद - २

## सवारीको वर्गीकरण

**३. ठुलो सवारीः** दश टन भन्दा बढी वजन भएको अनुसूची – १ को खण्ड (क) मा लिखित सवारीलाई ठुलो सवारी भनिनेछ ।

**४. मझौला सवारीः** चार टन देखि दश टन सम्म वजन भएको अनुसूची – १ को खण्ड (ख) मा लिखित सवारीलाई मझौला सवारी भनिनेछ ।

**५.सानो सवारीः** चार टन भन्दा कम्ती वजन भएको अनुसूची – १ को खण्ड (ग) मा लिखित सवारीलाई सानो सवारी भनिनेछ ।

**६. सार्वजनिक सवारीः** (१) यातायात सेवा सञ्चालन गर्न दर्ताको प्रमाणपत्र प्राप्त सवारीलाई सार्वजनिक सवारी भनिनेछ ।

(२) सार्वजनिक सवारीलाई यात्रीबाहक र मालबाहक गरी जम्मा दुई किसिममा विभाजन गरिनेछ ।

(३) यात्रीबाहक सार्वजनिक सवारीलाई दिवा तथा रात्री सेवामा विभाजन गरी देहायका श्रेणीमा छुट्याई यातायात सेवा सञ्चालन गर्ने इजाजतपत्र दिइनेछः–

(क) सिधै (डाइरेक्ट) सेवा,

(ख) द्रूत (एक्सप्रेस) सेवा र

(ग) साधारण (लोकल) सेवा ।

(४) उपखण्ड (३) बमोजिम विभाजन गरिएका यात्रीबाहक सार्वजनिक सवारीको स्तर, गति तथा अन्य आवश्यक व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) सार्वजनिक सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची २ को खण्ड (क) मा लेखिए बमोजिम नम्बर प्लेट राख्नु पर्छ ।

**७. पर्यटक सवारीः** (१) विदेशी पर्यटकलाई यातायात सेवा प्रदान गर्न दर्ताको प्रमाणपत्र प्राप्त सार्वजनिक सवारीलाई पर्यटक सवारी भनिनेछ ।

(२) पर्यटक सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची – २ को खण्ड (ख) मा लेखिए बमोजिमको नम्बर प्लेट राख्नु पर्छ ।

**८. निजी सवारी निजी सवारी निजी सवारी निजी सवारीः** (१) निजी प्रयोगको लागि दर्ताको प्रमाणपत्र प्राप्त सवारीलाई निजी सवारी भनिनेछ ।

(२) निजी सवारी यातायात सेवाको लागि प्रयोग गर्न पाइने छैन ।

(३) निजी सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची– २ को खण्ड (ग) मा लेखिए बमोजिमको नम्बर प्लेट राख्नु पर्छ ।

**९. सरकारी सवारीः** (१) कुनै सरकारी कार्यालयको नाममा दर्ता भई दर्ताको प्रमाणपत्र प्राप्त नेपाल सरकारको स्वामित्व भएको सवारीलाई सरकारी सवारी भनिनेछ ।

(२) सरकारी सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची– २ को खण्ड (घ) मा लेखिए बमोजिमको नम्बर प्लेट राख्नु पर्छ ।

**१०. संस्थानको सवारीः** (१) नेपाल सरकारको पूर्ण, अधिकांश वा आंशिक स्वामित्व भएको संगठित संस्थाको नाममा दर्ता भई दर्ताको प्रमाणपत्र प्राप्त सवारीलाई संस्थानको सवारी भनिनेछ ।

**११. कूटनीतिक सुविधा प्राप्त सवारीः** (१) कूटनीतिक नियोग वा कूटनीतिक सुविधा प्राप्त कार्यालय, योजना, निकाय वा व्यक्तिको नाममा दर्ता भई दर्ताको प्रमाणपत्र प्राप्त सवारीलाई कूटनीतिक सुविधा प्राप्त सवारी भनिनेछ ।

**१२. अन्य प्रयोजनको निम्ति प्रयोग गर्न नहुनेः** (१) कुनै एक प्रयोजनको निम्ति दर्ता भएको सवारी अर्को प्रयोजनको निम्ति प्रयोग गर्न पाइने छैन।

(२) भन्सार महसुल छुट हुने गरी सुविधा प्रदान गरिएको सवारीलाई जुन प्रयोजनको निम्ति भन्सार महसुल छुट दिइएको हो त्यस्तो प्रयोजनको निम्ति बाहेक अन्य प्रयोजनको निम्ति त्यस्तो सुविधा प्राप्त सवारी प्रयोग गर्न पाइने छैन ।

## परिच्छेद – ३

## सवारी दर्ता सम्बन्धी व्यवस्था

१३. प्रवेश दर्ता गराउनु पर्ने, सवारी दर्ता गराउनु पर्ने, सवारी दर्ता गराउन दरखास्त दिनु पर्ने, सवारी दर्ताको प्रमाणपत्र, सडकमा चल्न सक्ने सक्षमताको प्रमाणपत्र दिनु पर्ने, संयुक्त दर्ता, अस्थायी दर्ता, अस्थायी दर्ताको लागि दरखास्त, अस्थायी दर्ताको प्रमाणपत्र, सवारीको जाँचबुझको लागि मापदण्ड तोक्न सकिने, सवारी दर्ता गर्न इन्कार गर्न सकिने, दर्ताको मान्यता, सरूवा दर्ता, सवारीको लगत राख्नु पर्ने, अनुमति नलिई विदेशी सवारी चलाउन नहुने, विदेशी सवारी चलाउन अनुमति दिने, दर्ताको प्रमाणपत्र नविकरण, स्वतः रद्द हुने दर्ताको प्रमाणपत्र, पुनः दर्ता हुन सक्ने, सवारी धनीको ठेगाना बदलिएमा सूचना गर्नुपर्ने, सवारीको नामसारी, दर्ता परिवर्तन गर्न नहुने, स्वीकृति नलिई हेरे फेर गर्न नहुने लगायतका दर्ता सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेद – ४

## चालक अनुमतिपत्र सम्बन्धी व्यवस्था

**१४. सवारी चलाउन नहुनेः** कुनै पनि व्यक्तिले चालक अनुमतिपत्र प्राप्त नगरी कुनै पनि सवारी चलाउनु हुँदैन ।

**१५. सवारी चलाउन दिन नहुनेः** कसैले आफ्नोस्वामित्वको वा आफ्नोजिम्मामा रहेको कुनै सवारी चालक अनुमतिपत्र प्राप्त नगरेको कुनै व्यक्तिलाई चलाउन दिनु हुँदैन ।

**१६. चालकको लागि अयोग्यताः** देहायका व्यक्तिहरू चालक अनुमतिपत्र प्राप्त गर्न अयोग्य मानिने छन्:–

(क) ठुलो सवारीको निमित्त २१ वर्ष उमेर नपुगेको व्यक्ति ।

(ख) मझौला र सानो सवारीको निमित्त अठार वर्ष उमेर नपुगेको व्यक्ति।तर मोटरसाइकल तथा त्यस्तै अन्य सानो दुई पाङ्ग्रे सवारीको निमित्त सोह्र वर्ष उमेर पुगेको व्यक्तिले चालक अनुमतिपत्र प्राप्त गर्न सक्नेछ ।

(ग) छारे रोग भएको वा बौलाएको वा एकाएक रिङ्गटा लाग्ने वा मूर्छा हुने किसिमको रोग भएको व्यक्ति ।

(घ) आँखाको देख्ने शक्ति कमजोर भई चश्मा प्रयोग गर्दा पनि सामान्य तवरले देख्ने शक्ति ठीक नभएको व्यक्ति ।

(ङ) साधारण ध्वनि सङ्केत, आवाज सुन्न नसक्ने गरी बहिरो भएको व्यक्ति ।

(च) रातो, हरियो, पहेंलो इत्यादि रङहरू तुरून्त छुट्याउन नसक्ने दृष्टिदोष भएको व्यक्ति ।

(छ) रतन्धो भएको व्यक्ति, वा

घुरे गाउँपालिका

(ज) हात खुट्टा शक्तिहीन भै काम दिन नसक्ने भएको व्यक्ति। तर अपाङ्गको निमित्त खास किसिमले बनेको सवारीको निमित्त यो खण्डको बन्देज लागू हुने छैन ।

१७. चालक, दरखास्तवालाको परीक्षण, चालक अनुमतिपत्र दिने, विदेशी राष्ट्रबाट प्राप्त चालक अनुमतिपत्रको मान्यता, अन्तर्राष्ट्रिय चालक अनुमतिपत्र स्वतः मान्य हुने, चालक अनुमतिपत्रको वैधता, चालक अनुमतिपत्रमा अरू सवारी समावेश गर्ने, चालक अनुमतिपत्रको नविकरण, चालक अनुमतिपत्र स्वतः रद्द हुने, नविकरण गराउँदा निरोगिताको प्रमाणपत्र पेश गर्नु पर्ने, चालकको ठेगाना बदलिएमा सूचना गर्नु पर्ने लगायतका चालक अनुमतिपत्रसँग सम्बन्धि व्यवस्था प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

## परिच्छेद – ५

## यातायात व्यवस्थापन

१८. **बाटो निर्धारण गर्नेः** स्थानीय सडक वाहेकको हकमा कानून बमोजिम र स्थानीय बाटोको हकमा गाउँपालिकाले उपयुक्त देखेको ठाउँमा आवश्यकतानुसार सार्वजनिक सवारीलाई यातायात सेवा सञ्चालन गर्न बाटो निर्धारण गरी सो को सूचना सर्वसाधारणको जानकारीको लागि सार्वजनिक रूपमा प्रकाशित गर्नुपर्छ ।

**१९. बाटो इजाजतपत्र नलिई यातायात सेवा सञ्चालन गर्न नहुनेः** खण्ड १८ बमोजिम निर्धारित बाटोमा बाटो इजाजतपत्र प्राप्त नगरी कुनै पनि सार्वजनिक सवारीले यातायात सेवा सञ्चालन गर्न पाउने छैन ।

**२०. बाटो ईजाजतपत्रको लागि दरखास्तः** यातायात सेवा सञ्चालन गर्नको निमित्त कुनै सार्वजनिक सवारीलाई कुनै बाटो प्रयोग गर्नु परेमा व्यवस्थापक वा सवारी धनीले अनुसूची ३ को ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष बाटो इजाजतपत्रको लागि तोकिएको दस्तुर सहित दरखास्त दिनु पर्छ ।

**२१. बाटो इजाजतपत्र दिनु पर्नेः** (१) खण्ड १९ बमोजिम बाटो इजाजतपत्रको लागि दरखास्त परेमा अधिकार प्राप्त अधिकारीले खण्ड २० को अधीनमा रही त्यस्तो सार्वजनिक सवारीलाई त्यस्तो बाटोमा प्रयोग गर्न अनुसूची -२ बमोजिमको ढाँचामा बाटो इजाजतपत्र दिनु पर्छ ।

(२) उपखण्ड (१) बमोजिम दिइएको बाटो इजाजतपत्र सो दिइएको मितिले चार महिनासम्म बहाल रहनेछ ।

**२२. बाटो इजाजतपत्र दिंदा जाँच्नु पर्ने कुराहरूः** खण्ड २१ बमोजिम कुनै सार्वजनिक सवारीलाई बाटो इजाजतपत्र दिंदा त्यस्तो सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले देहायका कुराहरू पूरा गरे नगरेको अधिकार प्राप्त अधिकारीले जाँच गरी पूरा गरेको भए मात्र त्यस्तो सार्वजनिक सवारीलाई बाटो इजाजतपत्र दिनुपर्छः–

(क) सवारी चालक, परिचालक, सुरक्षाकर्मी तथा सवारीमा काम गर्ने अन्य कर्मचारी तथा तेस्रो पक्षको बीमा,

(ख) सवारीको जाँचपास र,

(ग) दर्ताको प्रमाणपत्र नविकरण ।

**२३. बाटो परिवर्तन गर्नु परेमाः** (१) बाटो इजाजतपत्रको अवधि समाप्त नहुँदै सो बाटो इजाजतपत्रमा तोकिएको सार्वजनिक सवारीलाई अन्य कुनै बाटोमा प्रयोग गर्नु परेमा सवारी धनी वा व्यवस्थापकले पुनः खण्ड २० बमोजिम बाटो इजाजतपत्रको लागि अनुसूची ४ को ढाँचामा दरखास्त दिई बाटो इजाजतपत्र लिनु पर्छ ।

(२) उपखण्ड (१) बमोजिमको दरखास्त परेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सार्वजनिक सवारीको लागि पहिले दिएको बाटो इजाजतपत्र खारेज गरी नयाँ बाटो इजाजतपत्र दिनु पर्छ ।

**२४. बहु बाटो इजाजतपत्र दिन सकिनेः** (१) कानून तथा यस कार्यविधिमा अन्यत्र जनु सुकै कुरा लेखिएको भए तापनि कुनै सार्वजनिक सवारीले यातायात सेवा पुऱ्याई रहको बाटोमा कुनै असर नपर्ने गरी सो बाटोसँग सम्बन्धित हुन आउने अन्य बाटोमा समेत उक्त सार्वजनिक सवारी प्रयोग गर्न पाउने गरी अधिकार प्राप्त अधिकारीले बाटो इजाजतपत्र दिन सक्नेछ ।

(२) उपखण्ड (१) बमोजिम एक भन्दा बढी बाटोमा यातायात सेवा सञ्चालन गर्ने गरी बहु बाटो इजाजतपत्र दिंदा त्यस्तो प्रत्येक बाटोको

लागि लाग्ने बाटो दस्तुर समेत सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले बुझाउनु पर्छ ।

**२५. पटके बाटो इजाजतपत्रः** (१) विशष काम परी कुनै सार्वजनिक सवारीलाई बाटो इजाजतपत्रमा लेखिएको बाटो बाहेक अन्य कुनै बाटोमा चलाउनु परेमा त्यस्तो सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले पटके बाटो इजाजतपत्रको लागि अनुसूची ५ को ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष दरखास्त दिनु पर्छ ।

(२) उपखण्ड (१) बमोजिम दरखास्त परेमा अधिकार प्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी ब्यहोरा ठीक देखेमा बढीमा सात दिनसम्मको लागि अनुसूची ६ बमोजिमको ढाँचामा पटके बाटो इजाजतपत्र दिन सक्नेछ ।

**२६. बाटो इजाजतपत्र दिन इन्कार गर्न सकिनेः** (१) कानूनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै बाटोमा यातायात सेवा सञ्चालन गर्न बाटो इजाजतपत्र प्रदान गर्दा त्यस्तो बाटोमा यात्रीको चाप र यातायात सेवामा संलग्न सावर्जनिक सवारीको सङ्ख्यालाई हर्दा फेरि अर्को सवारीको निमित्त नै सार्वजनिक सवारीको निमित्त बाटो इजाजतपत्र प्रदान गर्दा सार्वजनिक हितको प्रतिकूल हुन जान्छ भन्ने अधिकार प्राप्त अधिकारीलाई लागेमा निजले व्यवस्थापन समितिसँग परामर्श गरी बाटो इजाजतपत्र दिन इन्कार गर्न सक्नेछ।

(२) मध्यम बाटो र लामो बाटोमा यातायात सेवा सञ्चालन गर्ने सार्वजनिक सवारी तथा त्यसमा यात्रा गर्ने यात्री एवं काम गर्ने कर्मचारी समेतको सुरक्षालाई ध्यानमा राखी त्यस्तो बाटोमा यातायात सेवा प्रदान गर्ने सार्वजनिक सवारीको स्तर तोकिए बमोजिम हुनेछ। अधिकार प्राप्त अधिकारीले तोकिएको स्तर नभएका सार्वजनिक सवारीलाई त्यस्तो बाटोमा यातायात सेवा सञ्चालन गर्ने बाटो इजाजतपत्र दिन इन्कार गर्न सक्नेछ ।

२७. **बाटो इजाजतपत्र नवीकरणः** (१) खण्ड २१ को उपखण्ड (२) बमोजिम बाटो इजाजतपत्रमा लेखिएको म्याद नाघेको पन्ध्र दिनभित्र त्यस्तो बाटो इजाजतपत्र नविकरण गराई सक्नु पर्छ ।

(२) सवारी धनी, व्यवस्थापक वा निजहरूले खटाएको व्यक्तिले उपखण्ड (१) बमोजिम बाटो इजाजतपत्र नविकरण गराउनको लागि अनुसूची ७ बमोजिमको ढाँचामा तोकिएको दस्तुर समेतड संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष दरखास्त दिनु पर्छ ।

(३) उपखण्ड (२) बमोजिम नविकरणको लागि दरखास्त परेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो बाटो इजाजतपत्र अर्को चार महिनाको लागि नविकरण गर्नु पर्छ ।

(४) उपखण्ड (१) बमोजिमको म्याद नाघी बाटो इजाजतपत्र नविकरण गराउन आउने सवारी धनीबाट सो म्याद नाघेको एक महिना सम्म नविकरण दस्तुरको अतिरिक्त शत प्रतिशत थप दस्तुर लिई त्यस्तो बाटो इजाजतपत्र नविकरण गर्नु पर्छ।

**२८. बाटो इजाजतपत्र स्वतः रद्द हुनेः** (१) खण्ड २७ को उपखण्ड (४) बमोजिम निर्धारित अवधिसम्म पनि नविकरण नगरिएमा त्यस्तो बाटो इजाजतपत्र स्वतः रद्द हुनेछ ।

(२) उपखण्ड (१) बमोजिम रद्द भएको बाटो इजाजतपत्रको लगत कट्टा गरिनेछ ।

(३) उपखण्ड (२) बमोजिम लगत कट्टा भईसकेको बाटो इजाजतपत्र नविकरण गरिनेछैन ।

**२९. पुनः बाटो इजाजतपत्र दिन सकिनेः** खण्ड २८ बमोजिम रद्द भई लगत कट्टा भएको बाटो इजाजतपत्रमा लेखिएको सार्वजनिक सवारीको लागि पुनः बाटो इजाजतपत्र लिन आएमा त्यस्तो सवारीको धनी वा व्यवस्थापक बाट खण्ड २७ बमोजिम लिनु पर्ने नविकरण तथा थप दस्तुर समेत लिई निजलाई दुई हजार रुपैयाँसम्म जरिवाना गरी त्यस्तो सवारी चलाउन खण्ड २१ बमोजिम अर्को बाटो इजाजतपत्र दिनु पर्छ ।

**३०. बाटो इजाजतपत्र स्थगित गर्न सकिनेः** (१) यस ऐन बमोजिम बाटो इजाजतपत्र लिएको कुनै सार्वजनिक सवारी दुर्घटनामा परी वा अन्य कुनै कारणबाट बिग्री चार महिना वा सो भन्दा बढी अवधिसम्म चलाउन नसकिने भएमा सवारी धनीले सो ब्यहोरा खुलाई बाटो इजाजतपत्र संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष त्यस्तो बाटो इजाजतपत्र स्थगित गर्नका लागि अनुसूची ८ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्छ ।

(२) उपखण्ड (१) बमोजिमको दरखास्त परेमा अधिकार प्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी उपयुक्त देखेमा त्यस्तो सावर्जनिक सवारी चलाउन नसकिने अवधिसम्मका लागि त्यस्तो सवारीको बाटो इजाजतपत्र स्थगित गर्न सक्नेछ ।

(२क) बाटो इजाजतपत्रमा तोकेको बाटोमा सार्वजनिक सवारी साधन सञ्चालन नगरी जनजीवनमा प्रतिकूल असर पर्ने गरी यातायात सेवा अवरूद्ध गरेमा नेपाल सरकारले त्यस्ता सवारीहरूको बाटो इजाजतपत्र बढीमा एक महिना सम्मको लागि स्थगित गर्न सक्नेछ ।

(३) उपखण्ड (२) बमोजिम बाटो इजाजतपत्र स्थगित अवधिको नविकरण दस्तुर मिनाहा हुनेछ ।

**३१. बाटो इजाजतपत्र रद्द गर्न सकिनेः** कानून तथा यस कार्यविधि बमोजिम बाटो इजाजतपत्र लिएको कुनै सार्वजनिक सवारी चलाउन नसकिने गरी बिग्रिए वा नासिएमा त्यस्तो सवारीको धनी वा व्यवस्थापकले सोको प्रमाण संलग्न राखी बाटो इजाजतपत्रको मान्यता रद्द गराउने अधिकार प्राप्त अधिकारी समक्ष दरखास्त दिनु पर्छ ।

**३२. बाटो इजाजतपत्रको प्रतिलिपि दिनेः** (१) बाटो इजाजतपत्र हराएमा, च्यातिएमा, झुत्रो भई नबुझिने भएमा वा अन्य कुनै कारणबाट नासिएमा सो भए गरेको मितिले सात दिनभित्र सवारी धनी वा व्यवस्थापकले बाटो इजाजतपत्रको प्रतिलिपिको लागि अनुसूची १० को ढाँचामा तोकिएको

दस्तुर समेत संलग्न राखी सम्बन्धित अधिकार प्राप्त अधिकारी समक्ष दरखास्त दिनु पर्छ ।

(२) उपखण्ड (१) बमोजिम परेको दरखास्त उपर अधिकार प्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी ब्यहोरा ठीक देखेमा दरखास्तवालालाई बाटो इजाजतपत्रको प्रतिलिपि दिनेछ ।

(३) उपखण्ड (२) बमोजिम बाटो इजाजतपत्रको प्रतिलिपि जारी गरेको सूचना अधिकार प्राप्त अधिकारीले सम्बन्धित प्रहरी कार्यालयलाई दिनेछ ।

**३३. जाँचपास गराउनु पर्नेः** (१) कुनै पनि सार्वजनिक सवारीको बाटो इजाजतपत्र लिन कानून बमोजिम त्यस्तो सवारीको जाँचपास गराएको हुनु पर्छ ।

(२) उपखण्ड (१) बमोजिम जाँचपास नगराई कुनै पनि सार्वजनिक सवारीको लागि बाटो इजाजतपत्र दिइने छैन।

**३४. जाँचपासको लागि दरखास्त, जाँचपासको प्रमाणपत्र दिनुपर्ने, पुनः** जाँचपास गराउनु पर्ने लगायतका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

**३५. यातायात सेवाको नाम  पञ्जीकृत गर्नु पर्नेः** (१) गाउँपालिकाबाट गाउँपालिका भित्र एवं देशका विभिन्न भू– भागमा सार्वजनिक यातायात सेवा संचालन गर्न यातायात सेवाको नाम कानून बमोजिम तोकिएको निकायमा

र गाउँपालिकामा पञ्जीकृत वा सूचीकृत नगरी सवारी धनी वा व्यवस्थापकले कुनै पनि सार्वजनिक सवारी यातायात सेवा सञ्चालन गर्ने कार्यमा प्रयोग गर्नु हुँदैन ।

(२) यातायात सेवाको नाम गाउँपालिकामा पञ्जीकृत गर्न चाहने सवारी धनी वा व्यवस्थापकले त्यस्तो सेवा पञ्जीकरणको लागि अनुसूची ११ बमोजिमको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी कानूनमा तोकिएको निकायमा दर्ता भएको कागजातसहित गाउँपालिका समक्ष दरखास्त दिनु पर्छ ।

(३) उपखण्ड (२) बमोजिम परेको दरखास्त उपर गाउँपालिकाले आवश्यक जाँचबुझ गरी त्यस्तो यातायात सेवाको नाम पञ्जीकृत गर्न उपयुक्त देखेमा सो नामबाट यातायात सेवा सञ्चालन गर्न दरखास्त वालालाई अनुसूची १२ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनेछ । त्यसरी यातायात सेवा सञ्चालन गर्न अनुमतिपत्र प्राप्त सवारी धनी वा व्यवस्थापकले त्यस्तो यातायात सेवा प्रदान गर्ने कार्य बन्द गर्न चाहेमा कानून बमोजिम तोकिएको निकाय र गाउँपालिकाको पूर्व स्वीकृति लिनु पर्छ ।

(४) उपखण्ड (३) बमोजिम दिइएको अनुमतिपत्र सो दिइएको मितिले पाँच वर्षसम्म बहाल रहनेछ ।

(५) यस खण्ड बमोजिम पञ्जीकृत यातायात सेवामा काम गर्ने कर्मचारीहरूको नियुक्ति, सेवाका शर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(६) सूचीकृत वा पंजीकृत समिति वा संस्थाले प्रत्येक आर्थिक वर्ष सुरु भएको दुई महिनाभित्र तोकिएका कागजातहरु सहित आफ्नो समिति अद्यावधिक गर्नुपर्नेछ ।

(७) गाउँपालिकामा सूचीकृत वा दर्ता हुने यातायात समिति वा संस्थाहरुले अनिवार्य रुपमा आफ्नो कार्यालय वा शाखा कार्यालय स्थापना गर्नुपर्नेछ। आफ्नो कार्यालय वा शाखा कार्यालय नभएका समिति वा संस्थाहरुको दर्ता रद्द गरी कानून बमोजिम कारवाही समेत गरिनेछ ।

**३५.क** दफा ३५ मा जनु सुकै कुरा लेखिएको भएता पनि गैर नाफामूलक संस्थाको रुपमा दर्ता भएका यातायात समिति वा संस्थाहरु गाउँपालिकामा सूचीकृत भएको तीन महिना भित्र अनिवार्य रुपमा कम्पनी वा सहकारीमा दर्ता भएको हुनुपर्नेछ। कम्पनी वा शहकारीमा दर्ता नभएका यातायात समितिहरुको अनुमतिपत्र स्वतः रद्द भएको मानिनेछ र त्यस्तो समितिको नामबाट गाउँपालिका क्षेत्रभित्र यातायात सेवा संचालन गर्न पाईने छैन ।

**३५.ख** कुनै दुर्घटनामा परी घाईते भएको यात्रुको उपचारमा बेवास्ता गर्ने यातायात समितिलाई पञ्जीकरणबाट हटाई कालो सूचीमा राखिनेछ ।

**३६. यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्रको नवीकरणः**

(१) खण्ड ३५ को उपखण्ड (४) बमोजिमको म्याद नाघेको तीन महिनाभित्र यातायात सेवा सञ्चालन गर्न दिइएको अनुमतिपत्र नविकरण गरी सक्नु पर्छ ।

(२) सवारी धनी, व्यवस्थापक वा निजहरूले खटाएको व्यक्तिले उपखण्ड (१) बमोजिम अनुमतिपत्र नविकरण गराउनको लागि अनुसूची १४ बमोजिमको ढाँचामा दस्तुर सहित कानून बमोजिम तोकिएको निकाय र गाउँपालिका समक्ष दरखास्त दिनु पर्छ ।

(३) उपखण्ड (२) बमोजिम नविकरणको लागि दरखास्त परेमा गाउँपालिकाले त्यस्तो अनुमतिपत्र अर्को पाँच वर्षको लागि नविकरण गर्नु पर्छ ।

(४) उपखण्ड (१) बमोजिमको म्याद नाघी त्यस्तो अनुमतिपत्र नविकरण गराउने आउने सवारी धनी वा व्यवस्थापकबाट सो म्याद नाघेको एक महिनासम्म नविकरण दस्तुरको अतिरिक्त शत प्रतिशत थप दस्तुर लिई नविकरण गरिनेछ ।

**३७. यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्र स्वतः रद्द हनेः**

(१) खण्ड ३६ को उपखण्ड (४) बमोजिम निर्धारित अवधि भित्र यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्र नविकरण नगराएमा त्यस्तो अनुमतिपत्र स्वतः रद्द हुनेछ ।

(२) उपखण्ड (१) बमोजिम रद्द भएको अनुमतिपत्रको लगत कट्टा हुनेछ ।

(३) उपखण्ड (२) बमोजिम लगत कट्टा भईसकेको अनुमतिपत्र पुनः नविकरण गरिने छैनै ।

**३८. भाडा निर्धारण गर्नेः**

(१) कुनै स्थानीय बाटोमा यातायात सेवा सञ्चालन गर्ने यात्रीबाहक तथा मालबाहक सार्वजनिक सवारीले लिने भाडा दर प्रति किलोमिटर १३ रूपैया हुनेछ।

(२) स्थानीय बाटोमा यात्रीले आफूसँग निःशुल्क लैजान पाउने यात्रीगुण्टाको अधिकतम वजन र सो बाहेक भाडा तिरी आफुसँग लैजान पाउने यात्रीगुण्टाको अधिकतम वजन तथा भाडा गाउँपालिकाले तोके बमोजिम हुनेछ।

(३) यस खण्ड बमोजिम तोकिएको भाडा दर भन्दा बढी हुने गरी भाडा लिनु हुँदैन ।

**३९. परिचयपत्र नझुण्डयाएको व्यक्तिले यात्री टिकट बेच्न नहुनेः** सार्वजनिक सवारीको यात्री टिकट बेच्ने कार्यमा संलग्न व्यक्तिले त्यस्तो सावर्ज निक सवारी सञ्चालन गर्ने पञ्जीकृत यातायात सेवाको कर्मचारी परिचयपत्र नझुण्ड्याई त्यस्तो यातायात सेवाको नामबाट यात्री टिकट बेच्न हुँदैन ।

**४०. यात्री टिकटको ढाँचाः**

(१) सार्वजनिक सवारीको यात्री टिकटको ढाँचा तोकिए बमोजिम हुनेछ ।

(२) उपखण्ड (१) बमोजिम यात्री टिकट बेच्ने व्यक्तिले टिकटमा सम्बन्धित यातायात सेवाको छाप लगाएको हुनु पर्छ ।

**४१. माल ढुवानी गर्दा माल ढुवानीको विवरण सहितको बील दिनु पर्नेः** मालबाहक सार्वजनिक सवारीले कुनै पनि किसिमको माल ढुवानी गर्दा मालसामानको धनीलाई त्यस्तो मालसामानको विवरण सहित उल्लेख गरिएको माल ढुवानीको बील दिनु पर्छ। त्यसरी दिइने बीलको ढाँचा तोकिए बमोजिम हुनेछ ।

**४२. यात्री सूची तयार गर्नु पर्नेः** कानून बमोजिम तोकिएको निकाय र गाउँपालिकाले तोके बमोजिमको मध्यम बाटो वा लामो बाटोमा यातायात सेवा सञ्चालन गर्ने व्यवस्थापक वा सवारी धनीले आफ्नो सवारीमा यात्रा गर्ने सबै यात्री, चालक, परिचालक, सुरक्षाकर्मी तथा सो सवारीमा काम गर्ने अन्य कर्मचारी समेतको नाम, उमेर र ठेगाना स्पष्ट खुलाई यात्री– सूची तयार गर्नु पर्छ। त्यसरी तयार गरिएको यात्री सूचीको एक प्रति आफूसँग राखी अर्को प्रति अधिकार प्राप्त अधिकारी वा निजले तोकेको व्यक्ति समक्ष सो सवारी गन्तव्य स्थानतर्फ प्रस्थान गर्नु अगावै पेश गर्नु पर्छ ।

**४३. यात्री र मालसामान सुरक्षित रूपमा पुऱ्याउनु पर्नेः**

(१) सार्वजनिक यातायात सेवाका धनी वा व्यवस्थापकले मालसामान वा यात्रीको जिम्मा लिएपछि यात्राको शुरूदेखि गन्तव्य स्थानसम्म निर्धारित समयभित्र सुरक्षासाथ पुऱ्याउनु निजको कर्तव्य हुनेछ। तर यात्रीलाई असुविधा हने गरी गन्तव्य स्थानमा पुग्ने समय निर्धारण गर्न हुँदैन ।

(२) कुनै सार्वजनिक सवारी बिग्रेमा वा दैवी परी सवारी अघि बढाउन नसकिने भएमा पनि यात्रीको सुविधालाई ध्यान पुर्‍याउनु र सवारीमा रहेको मालसामानको सुरक्षा गर्नु त्यस्तो सवारीको चालक, परिचालक, सुरक्षाकर्मी वा अन्य कर्मचारीको अनिवार्य दायित्व हुनेछ।

(३) उपखण्ड (२) मा लेखिएको अवस्था परी सवारी अघि बढाउन नसकिने भएमा पनि सवारी धनी वा व्यवस्थापकले यात्रीहरूलाई गन्तव्य स्थानसम्म पुऱ्याउने व्यवस्था गर्नु पर्नेछ ।

४४. **सीटभन्दा बढी भन्दा बढी यात्री राख्न नहने**: यात्रीबाहक सार्वजनिक सवारीमा सो सवारीको दर्ताको प्रमाणपत्रमा लेखिएको सीट सङ्ख्या भन्दा बढी यात्री राखी चलाउन हुँदैन ।

४५. **यात्रा विश्राम गर्नु पर्नेः** चार घण्टा भन्दा बढीको दूरीमा चल्ने यात्रीबाहक सार्वजनिक सवारीले प्रत्येक चार घण्टामा एकपटक आधाघण्टा विश्राम गर्नु पर्छ ।

४६. **चालकको पालो फेर्नु पर्नेः** लामो बाटोमा यातायात सेवा सञ्चालन गर्ने यात्रीबाहक सार्वजनिक सवारीमा कम्तिमा दुईवटा चालक अनिवार्य रूपमा राखी प्रत्येक छ घण्टापछि पालैपालोसँग सवारी चलाउन लगाउने कर्तव्य यातायात सेवा सञ्चालन गर्ने व्यवस्थापक वा सवारी धनीको हुनेछ ।

४७. **टिकट नलिई यात्रा गर्नमा प्रतिबन्धः** कुनै पनि यात्रीले आफूले यात्रा गर्ने गन्तव्य स्थानसम्मको लागि तोकिएको भाडा तिरी लिएको टिकट साथमा नलिई यात्रा गर्नु हुँदैन ।

४८. **बाटोको नक्सा र समय तालिकाको जानकारी गराउनेः**

(१) अधिकार प्राप्त अधिकारीले प्रत्येक बस बिसौनीमा सो बस बिसौनीबाट प्रस्थान गर्ने गन्तव्य स्थानको बाटोको नक्सा र सार्वजनिक सवारी प्रस्थान गर्ने समय तथा गन्तव्य स्थानमा पुग्ने समय तालिका जानकारीको लागि टाँस्न वा जडान गर्न लगाउनु पर्छ ।

(२) उपखण्ड (१) बमोजिम टाँसिएको वा जडान गरिएको बाटो, नक्सा वा समय तालिकामा कुनै फेरबदल भएमा अधिकार प्राप्त अधिकारी वा निजले खटाएको व्यक्तिले सोको सूचना तुरून्त यात्रीहरूलाई दिने व्यवस्था गर्नु पर्छ ।

४९. **सीट सुरक्षित राख्नु पर्नेः**

(१) स्थानीय बाटोमा चल्ने यात्रीबाहक सार्वजनिक ठलो सवारीमा चारवटा सीट अशक्त व्यक्तिका लागि र दुईवटा सीट महिलाहरूका लागि सुरक्षित राख्नु पर्ने कर्तव्य सो यातायात सेवा सञ्चालन गर्ने व्यवस्थापक वा सवारी धनीको हुनेछ ।

(२) लामो बाटोमा चल्ने यात्रीबाहक सार्वजनिक सवारीमा दुईवटा सीट महिलाहरूका लागि सुरक्षित राख्नु पर्ने कर्तव्य सो यातायात सेवा सञ्चालन गर्ने व्यवस्थापक वा सवारी धनीको हुनेछ। तर त्यस्तो सीट त्यस्तो सवारी गन्तव्य स्थानतर्फ प्रस्थान गर्ने चारघण्टा अघिसम्म मात्र सुरक्षित राखिनेछ।

(३) उपखण्ड (२) बमोजिम संविधान सभा सदस्यले खरिद गरेको टिकट अन्य कुनै यात्रीको नाममा हस्तान्तरण हुन सक्ने छैन ।

**५०. सुरक्षाकर्मी राख्न सकिनेः** मध्यम बाटो र लामो बाटोमा यात्रीबाहक सार्वजनिक यातायात सेवा सञ्चालन गर्ने व्यवस्थापक वा सवारी धनीले सो सवारी तथा यात्रीहरूको सुरक्षाको निमित्त सो सवारीमा सुरक्षाकर्मी उपलव्ध गराई दिन सरकारसँग अनुरोध गरेमा वा सरकारले त्यस्तो सवारीमा सरकारी सुरक्षाकर्मी तैनाथ गर्नु पर्ने आवश्यकता देखेमा लाग्ने दस्तुर लिई आवश्यक सङ्ख्यामा सुरक्षाकर्मी उपलव्ध गराउन सक्नेछ।

**५१. अनुचित व्यवहार गर्न नहुनेः** कसैले पनि यात्री, चालक, परिचालक तथा सुरक्षाकर्मीसँग अनुचित व्यवहार गर्नु हुँदैन ।

**५२. सार्वजनिक सवारीमा धूम्रपान गर्न नहुनेः** सार्वजनिक सवारीमा धूम्रपान गर्न हुँदैन ।

**५३. चालकसँग कुरा गर्न नहुनेः** सार्वजनिक सवारी चलिरहेको समयमा कसैले पनि सो सवारीको चालकसँग कुरा गर्न वा निजलाई सवारी चलाउने कार्यमा बाधा पुग्ने कुनै कार्य गर्न वा गराउनु हुँदैन ।

**५४. फेला परेको मालसामान बझाउनु पर्नेः** सार्वजनिक सवारीमा फेला परेको कुनै पनि मालसामान सो फेला परेको चौवीस घण्टाभित्र तत्काल कार्यरत सो सवारीको कर्मचारीले सवारी धनी वा व्यवस्थापकलाई बुझाउनु पर्छ।त्यसरी फेला परेको मालसामान सवारी धनी वा व्यवस्थापकले आफूलाई प्राप्त हनु आएको चौबीस घण्टाभित्र अधिकार प्राप्त अधिकारी वा नजिकको यातायात व्यवसायी संघको कार्यालयमा बुझाउनु पर्छ ।

**५५. यात्री लिन इन्कार गर्न नहुनेः** मध्यम वा लामो बाटोमा चल्ने वा एक्सप्रेस यातायात सेवा प्रदान गर्ने सार्वजनिक सवारी बाहेक अन्य सार्वजनिक सवारीले सवारी खालीरहको अवस्थामा यात्री लिन इन्कार गर्न पाउने छैन ।

**५६. सरकारको विशेष अधिकारः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै सार्वजनिक सवारीलाई कुनै खास अवधिसम्मको लागि कुनै ठाउँमा यातायात सेवा सञ्चालन गर्नु पर्ने गरी सवारी धनी वा

व्यवस्थापकलाई संघ, प्रदेश वा स्थानीय सरकारले कानून बमोजम आदेश दिन सक्नेछ ।

## परिच्छेद – ६

## आवागमन नियन्त्रण

**५७. सवारीको गति निर्धारणः**

(१) गाउँपालिका वाहिरको क्षेत्रमा कानूनमा तोकिएको निकायले र गाउँपालिका भित्रको क्षेत्रमा गाउँपालिकाले कुनै सार्वजनिक स्थानका सम्बन्धमा सवारी चलाउने गति निर्धारण गर्न आवश्यक देखेमा सो स्थानमा सवारीको गति निर्धारण गरी सो भन्दा बढी वगे मा सवारी चलाउन निषेध गर्न सक्नेछ। यसरी गति निर्धारण गरिएको स्थानमा सो निर्धारित गतिभन्दा बढी वेगले सवारी चलाउनु हुँदैन ।

(२) उपखण्ड (१) बमोजिम गति निर्धारण गरी बढी वगे मा सवारी चलाउन निषेधित सार्वजनिक स्थानमा निर्धारित गति सम्बन्धी सूचना वा सङ्केत कानून बमोजिमको निकायले टाँस्न वा जडान गर्न लगाउनु पर्छ।

(३) दमकल, एम्बुलेन्स तथा बिरामी लैजाने कामको सिलसिलामा चलाइएको सवारीको हकमा उपखण्ड (१) लागू हुने छैन। तर त्यस्तो सवारीले सडकमा हिड्ने बटुवा तथा अन्य सवारीलाई सचेत

गर्नको निम्ति विशेष किसिमको ध्वनी तथा बत्तीको प्रयोग गर्नु पर्छ।

**५८. सवारीको वजनः** कानून बमोजिम तोकिएको निकायले कुनै सार्वजनिक स्थानको सम्बन्धमा सवारीको वजनको हद निर्धारण गर्न सक्नेछ। यसरी सवारीको वजनको हद निर्धारण गरिएको भए त्यसरी निर्धारित वजन भन्दा बढी हुने गरी त्यस्तो सावर्ज निक स्थानमा कसैले सवारी चलाउन वा चलाउन लगाउनु हुँदैन ।

**५९. सवारीमा राखिने मानिस र मालसामानको हद तोक्नेः**

(१) सार्वजनिक सवारीमा राख्न सकिने मानिसको सङ्ख्या र मालसामानको वजन कानून बमोजिम तोकिएको निकायले निर्धारण गरी सोको सूचना सर्वसाधारणको जानकारीको लागि प्रकाशित गर्नु पर्छ।

(२) उपखण्ड (१) बमोजिम निर्धारित मानिसको संङ्ख्या र मालसामानको वजनभन्दा बढी हुने गरी कुनै पनि सवारीमा मानिस वा मालसामान राख्न हुँदैन ।

**६०. सवारी चलाउन प्रतिबन्ध लगाउनेः** यस ऐनमा अन्यत्र जनु सुकै कुरा लेखिएको भए तापनि कानून बमोजिमको निकायले सार्वजनिक सुरक्षा तथा सर्वसाधारणको भलाईको निमित्त कुनै सार्वजनिक स्थानमा कुनै सवारी चलाउनमा प्रतिबन्ध लगाउन सक्नेछ। यसरी प्रतिबन्ध लगाइएकोमा कानून

बमोजिमको निकायले सो कुराको सूचना त्यस्तो स्थानमा टाँस्न, टाँग्न वा जडान गर्न लगाउनु पर्छ ।

**६१. ट्राफिक सङ्केत टाँस्ने वा जडान गर्नेः**

(१) गाउँपालिकाले गाउँपालिका क्षेत्रभित्र आवश्यक देखेको सार्वजनिक स्थानहरूमा अन्तर्राष्ट्रिय प्रचलन अनुरूपको रंग, आकार र नमूना बमोजिमको आवश्यक ट्राफिक सङ्केतहरू टाँस्न, टाँग्न वा जडान गर्न लगाउनु पर्छ।

(२) उपखण्ड (१) बमोजिम टाँसिएको, टाँगिएको वा जडान गरिएको ट्राफिक सङ्केतहरू कानून बमोजिमको निकाय वा कानून बमोजिमको निकायले खटाएको व्यक्ति बाहेक अरू कसैले सो स्थानबाट हटाउन, बदल्न, हेरफेर गर्न, मेट्न, च्यात्न वा केरमेट गर्न हुँदैन।

**६२. ट्राफिक संकेतको पालन गर्नु पर्नेः**

(१) चालकले सवारी चलाउँदा ट्राफिक सङ्केतको पालन गरी सवारी चलाउनु पर्छ ।

(२) चालकले पालन गर्नु पर्ने ट्राफिक सङ्केतहरू तोकिए बमोजिम हुनेछन् ।

**६३. पार्किङ्ग स्थान तथा बस बिसौनी निर्धारण गर्नेः** अधिकार प्राप्त अधिकारीले गाउँपालिकाका पदाधिकारीहरूसँग परामर्श गरी मूल सडकको

आवागमनमा प्रतिकूल असर नपर्ने गरी पार्किङ्गस्थल तथा बस बिसौनीहरू निर्धारण गर्नु पर्छ ।

**६४. सवारीलाई खतरा हुने किसिमबाट राख्न नहुनेः**

(१) कुनै पनि सवारी अरू कुनै सवारी वा व्यक्तिलाई खतरा, बाधा वा असुविधा हुने गरी कुनै सार्वजनिक स्थानमा राख्न हुँदैन ।

(२) कुनै सवारी चलाउँदा चलाउँदैको अवस्थामा बिग्रिएमा त्यस्तो सवारी तत्काल अन्यत्र लान सकिने स्थिति नभएमा दुर्घटना नहुने किसिमबाट सडकको बायाँ किनारा लगाई राखी रात्रीको समयमा त्यस्तो सवारीलाई अन्य सवारीले टाढैबाट देख्न सक्ने गरी रातो बत्ती वा रिफ्लेक्टर लगाई राख्नु पर्छ ।

**६५. सवारीको अन्य भागमा मानिस राख्न नहुनेः** कुनै सवारी चालक वा सवारी धनी वा व्यवस्थापकले लामो एवं. मध्यम बाटोमा चल्ने सवारीमा मानिस बस्न बनेको सीट बाहेक सवारीको अन्य भागमा र स्थानीय बाटोमा चल्ने सवारीमा मानिस बस्न बनेको सीट एवं भित्री भाग बाहेक अन्य भागमा मानिस राखी सवारी चलाउन वा चलाउन लगाउनु हुँदैन ।

**६६. चालकलाई बाधा पुग्ने काम गर्न नहुनेः** कसैले चालकको क्षेत्र (ड्राइर्भ र केवीन) भित्र चालकलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा बाधा पुग्ने गरी मालसामान राखी वा आफू उभीई वा अन्य कुनै प्रकारबाट बाधा पुग्ने किसिमको व्यवहार गर्न हुँदैन ।

**६७. आवागमनमा बाधा पार्न नहुनेः** कुनै पनि सार्वजनिक स्थानमा कुनै पनि मानिस वा सवारीको आवागमनमा बाधा पुग्ने गरी मालसामान वा सवारी राख्न हुँदैन। तर कुनै विशष परिस्थिति परी कुनै सार्वजनिक स्थानमा केही समयको लागि कुनै मालसामान राख्नुपर्ने भएमा नजीकको प्रहरी कार्यालयलाई सोको जानकारी दिई त्यस्तो कार्यालयको स्वीकृति लिनु पर्छ।

**६८. सार्वजनिक स्थानमा खाल्टो खन्दा साङ्केतिक चिन्ह राख्नु पर्नेः**

(१) कुनै पनि सार्वजनिक स्थानमा कुनै काम परी खाल्टो खन्दा नजिकको प्रहरी कार्यालयको पूर्व स्वीकृति लिनु पर्छ ।

(२) उपखण्ड (१) बमोजिम सार्वजनिक स्थानमा खाल्टो खन्ने स्वीकृति दिंदा सो स्थानमा दुर्घटना नहुने किसिमबाट साङ्केतिक चिन्ह राख्न लगाउनु पर्छ ।

**६९. सवारीमा सांकेतिक चिन्ह राख्नु पर्नेः** कुनै पनि किसिमको खतरापूर्ण मालसामान ढुवानी गर्ने कार्यमा संलग्न मालबाहक सार्वजनिक सवारीमा त्यस्तो मालसामान रहेको कुरा अन्य सवारी तथा सर्वसाधारणको जानकारीको लागि सांकेतिक चिन्ह देखिने गरी राख्नु पर्छ।

**७०. सवारीलाई मार्ग परिवर्तन गर्न र यात्रीलाई बन्धक बनाउन नहुनेः**

(१)चालकले आफ्नो सवारी निर्दिष्ट मार्गमा चलाई रहेको समयमा सो सवारीलाई अन्य मार्गबाट लैजान कुनै पनि व्यक्तिले डर, त्रास देखाउने वा कुनै किसिमको शक्तिको प्रयोग गर्न वा गराउनु हुँदैन।

(२) कसैले सवारीमा रहेका कुनै पनि व्यक्तिलाई बन्धक बनाई त्यस्तो सवारी वा बन्धक बनाइएको व्यक्तिको मुक्तिको लागि कुनै पनि किसिमको माग राख्नु हुँदैन ।

**७१. दुर्घटनामा परेका सवारी र यात्रीको हानि नोक्सानी गर्न नहुनेः** कुनै सवारी दुर्घटनामा परी हताहत वा घाइते भएका यात्री तथा सवारीमा काम गर्ने कुनै व्यक्तिलाई पिट्न वा तिनीहरूको मालसामानको हिनामिना गर्न, खोस्न वा तिनीहरूलाई कुनै पनि किसिमले हानि नोक्सानी पुऱ्याउनु हुँदैन।

**७२. सवारी चलाउँदा सुरक्षापेटी तथा हेल्मेट लगाउनु पर्नेः**

(१) तोकिए बमोजिमको सवारी चलाउँदा चालक तथा सवारीको अघिल्लो सीटमा बस्ने व्यक्तिले सुरक्षापेटी बाँध्नु पर्छ ।

(२) मोटर साइकल तथा अन्य त्यस्तै दुई पाङ्ग्रे सवारी चलाउँदा चालकले तथा सो सवारीमा बस्ने मानिसले सुरक्षा टोप (हेल्मेट) लगाउनु पर्छ ।

**७३. खोजेको बेला देखाउनु पर्नेः**

(१) कुनै पनि चालकले चालक अनुमतिपत्र प्रहरी वा यातायात निरीक्षकले जाँचबुझको सिलसिलामा हेर्न खोजेमा देखाउनु पर्छ।

(२) प्रहरी वा यातायात निरीक्षकले जाँचबुझको सिलसिलामा कुनै सवारीको दर्ताको प्रमाणपत्र वा सार्वजनिक सवारीको बाटो इजाजतपत्र हेर्न खोजेमा त्यस्तो सवारीको चालक, सवारी धनी वा व्यवस्थापकले दर्ताको प्रमाणपत्र वा बाटो इजाजतपत्र देखाउनु पर्छ।

**७४. सवारी रोक्नु पर्नेः** चालकले आफूले चलाइरहेको सवारी देहायको अवस्थामा रोकी आवश्यकतानुसार उचित समयसम्म अड्याई राख्नु पर्छः–

(क) प्रहरी वा यातायात निरीक्षकले सवारी रोक्न सङ्केत गरेमा वा आदेश दिएमा ।

(ख) कुनै जनावर झस्की वा तर्सी बेकाबु हुने संभावना भई सो जनावर तत्काल जिम्मामा रहेको व्यक्तिले सवारी रोक्न सङ्केत गरेमा वा अनुरोध गरेमा ।

(ग) सवारी दुर्घटनाग्रस्त भई कुनै मानिस, जनावर वा सम्पत्तिको हानि नोक्सानी भएकोमा।

(घ) जेब्रा क्रसिङमा मानिस ओहर दोहर गरेको अवस्थामा वा दोबाटो वा चौबाटोमा रहेको ट्राफिक बत्तीले रोक्ने सङ्केत गरेकोमा।

**७५. दुर्घटना भएमा चालकको कर्तव्यः**

(१) कुनै सवारीले कुनै दुर्घटना गरी मानिसको जीउ ज्यानमा कुनै किसिमको खतरा वा चोट पटक पर्न गएको रहेछ भने सो सवारीको चालक, परिचालक, सुरक्षाकर्मी वा सो सवारीमा काम गर्ने अन्य कर्मचारीले त्यस्तो मानिसको उपचारको लागि तुरून्त आवश्यक व्यवस्था गर्नु पर्छ ।

(२) उपखण्ड (१) बमोजिम सवारी दुर्घटनाग्रस्त भएको स्थानमा कुनै प्रहरी नभएमा चालकले तुरून्त सो दुर्घटनाको जानकारी तथा विवरण नजीकको प्रहरी कार्यालयलाई दिनु पर्छ। कुनै प्रहरीले दुर्घटनाको सम्बन्धमा सम्बन्धित सवारी चालकसँग कुनै कुराको सोधपुछ गरेमा निजले सोधिएको सबै कुरा बताउनु पर्छ।

७६. **दुर्घटना परेको सवारीको निरीक्षणः** दुर्घटनाको जाँचबुझको निमित्त सो दुर्घटना गर्ने वा सो दुर्घटनामा पर्ने सवारीको निरीक्षण गर्न आवश्यक देखेमा सम्बन्धित प्रहरीले त्यस्तो सवारी आफू समक्ष दाखिल गर्न लगाई वा त्यस्तो सवारी रहेको ठाउँमा गई निरीक्षण गर्न सक्नेछ ।

७७. **सवारी बायाँतिरबाट चलाउनु पर्नेः**

(१) कुनै पनि सार्वजनिक स्थानमा सवारी चलाउँदा चालकले तोकिएको स्थानमा बाहेक अन्य स्थानमा बायाँ किनारा च्यापी चलाउनु पर्छ ।

(२) अगाडि गईरहेको सवारीलाई उछिनी जानु परेमा संकेत दिई उक्त सवारीको चालकले अगाडि जान संकेत दिएपछि मात्र पछाडिको सवारीले दाहिने तिरबाट उछिनी जानु पर्छ । यसरी पछाडिको सवारीले उछिनी जानको लागि संकेत दिएमा अगाडिको सवारीले अवस्था हेरी अगाडि जानको निमित्त पछाडिको सवारीलाई संकेत दिनु पर्छ।

**७८. पेटीबाट हिड्नुपर्नेः** मानिस हिंड्ने पेटी भएको सडकमा मानिसहरू सो पेटीबाट नै हिड्नु पर्छ।पेटी नभएको सडकमा हिंड्दा सो सडकको किनारा च्यापी हिड्ने गर्नु पर्छ।

**७९. निर्धारित ठाउँबाट बाटो काट्नुपर्नेः** पैदल हिंड्ने मानिसले बाटो काट्नु पर्दा जेब्रा क्रसिङ्ग, सब-वे, ओभरहेड ब्रीज वा त्यस्तो बाटो काट्नको लागि निर्धारित गरिएको ठाउँबाट मात्र बाटो काट्नु पर्छ ।

**८०. पाल्तु पशुपन्छी छाडा छाड्न नहुनेः** सवारी चलाउन वा मानिस हिंड्नलाई बाधा पर्ने गरी कुनै पनि घर पालुवा पशुपन्छी सार्वजनिक स्थानमा छाड्न हुँदैन।

**८१. जानकारी दिनुपर्नेः**

(१) अधिकार प्राप्त अधिकारी, यातायात निरीक्षक वा प्रहरीले कुनै सवारीको सम्बन्धमा मागेको कुनै पनि जानकारी सो सवारीको धनीले निजहरूलाई दिनु पर्छ ।

(२) उपखण्ड (१) बमोजिमको जानकारी सार्वजनिक सवारी वा त्यसको चालक, परिचालक, सुरक्षाकर्मी वा त्यस्तो सवारीमा काम गर्ने कुनै कर्मचारीसँग सम्बन्धित भएमा त्यस्तो सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले त्यसरी मागिएको जानकारी अधिकार प्राप्त अधिकारी वा यातायात निरीक्षक वा प्रहरीलाई यथाशीघ्र दिनु पर्छ ।

**८२. घुम्ती निरीक्षकः**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको खण्डको पालना गरे नगरेको निरीक्षण गर्न प्रहरी वा यातायात निरीक्षकले आवश्यकता अनुसार घुम्ती निरीक्षण गर्न सक्नेछ ।

(२) उपखण्ड (१) बमोजिम घुम्ती निरीक्षण गर्दा प्रहरी वा यातायात निरीक्षकले खण्ड १६४ माउल्लेख भए बमोजिमको काम कारवाही भएको देखेमा त्यस्तो गर्ने व्यक्तिलाई तत्काल सो खण्डमा लेखिए बमोजिमको सजाय गर्न सक्नेछ।

**८३. चालकले आफ्नोअनुमतिपत्र अरूलाई दिन नहुनेः** कुनै पनि चालकले अरूलाई सवारी चलाउनको निमित्त आफ्नो अनुमतिपत्र दिन हुँदैन ।

**८४. मादक तथा अन्य लागू पदार्थ सेवन गर्न नहुनेः** सवारी चलाउँदा चालकले मादक वा अन्य कुनै पनि प्रकारको लागू पदार्थ सेवन गर्न हुँदैन।

**८५. राती सवारी चलाउँदा बत्ती बाल्नु पर्नेः** कुनै पनि सवारी अँध्यारोमा वा कुहिरो लागेको बेलामा चलाउँदा सो सवारीको बत्ती बाल्नु पर्छ ।

**८६. ठीक नभएको सवारी चलाउन नहुनेः** सवारीको कुनै पनि पार्ट पुर्जा बिग्री अवस्था ठीक नभएको सवारी चलाउनु हुँदैन ।

**८७. आवश्यक सहयोग पुऱ्याउनेः** कुनै पनि सवारीले दुर्घटनामा परेको सवारी वा सवारीमा रहेका यात्रीहरूलाई आवश्यक सहयोग पुऱ्याउनुपर्छ।

**८८. प्रचार प्रसार गर्ने गराउनेः** सवारी दुर्घटनाको रोकथाम गर्न ट्राफिक सङ्केतको जानकारी सर्वसाधारणलाई गराउनको निमित्त समय समयमा कानून बमोजिमको निकायले विभिन्न सञ्चार माध्यमबाट ट्राफिक सङ्केत सम्बन्धी कार्यक्रमहरू प्रसारित गर्ने व्यवस्था गर्नु पर्छ ।

**८९. लापरवाहीसाथ सवारी चलाउन नहुनेः** कुनै चालकले सवारी चलाउँदा लापरवाही साथ सवारी चलाउनु हुँदैन।

## परिच्छेद– ८

## बीमा सम्बन्धी व्यवस्था

**९०. सवारीको बीमा गराउनु पर्नेः**

(१) सवारी धनी वा व्यवस्थापकले तोकिए बमोजिम प्रत्येक सवारीको बीमा गराउनु पर्छ ।

(२) उपखण्ड (१) बमोजिम बीमा नगरेको सवारी साधन गाउँपालिका क्षेत्रभित्र चलाउन पाईने छैन ।

**९१. चालक, परिचालक, सुरक्षाकर्मी तथा अन्य कर्मचारीको बीमाः**

(१) यातायात सेवामा संलग्न प्रत्येक सार्वजनिक सवारीको चालक, परिचालक, सुरक्षाकर्मी तथा सो सवारीमा काम गर्ने अन्य कर्मचारीको तोकिएको रकमको दुर्घटना बीमा सवारी धनी वा व्यवस्थापकले गर्नु पर्छ ।

(२) सवारीको दुर्घटनाबाट चालक, परिचालक, सुरक्षाकर्मी तथा अन्य कर्मचारीको अङ्गभङ्ग वा मृत्यु भएमा सो बापत पाउने बीमित रकम निज स्वयं वा निजको नजीकको हकवालाले पाउनेछ ।

(३) उपखण्ड (१) बमोजिम चालक, परिचालक, सुरक्षाकर्मीको बीमा नगराई यातायात सेवा सञ्चालन गर्दा कुनै सार्वजनिक सवारी दुर्घटना हुन गई निजहरूलाई कुनै पनि किसिमको हानि नोक्सानी भएमा निजहरूले पाउनु पर्ने उपखण्ड (१) बमोजिमको बीमा रकम निजहरू वा निजहरूको हकवालालाई सवारी धनी वा व्यवस्थापकले क्षतिपूर्ति बापत दिनु पर्छ ।

**९२. यात्रीको बीमाः**

(१) तोकिएको बाटोमा यातायात सेवा सञ्चालन गर्ने सवारी धनी वा व्यवस्थापकले यात्रा गर्ने प्रत्येक यात्रीको तोकिएको रकमको दुर्घटना बीमा गराउनुपर्छ ।

(२) सवारी दुर्घटनाबाट यात्रीको अङ्गभङ्ग भएमा अङ्गभङ्ग भए बापतको दुर्घटना बीमाको रकम निजले पाउनेछ र सो दुर्घटनाबाट निजको मृत्यु भएमा निजको नजीकको हकवालाले सो बापत पाउनु पर्ने दुर्घटना बीमाको रकम पाउने छ ।

(३) उपखण्ड (१) बमोजिम यात्रीको बीमा नगराई यातायात सेवा सञ्चालन गर्दा कुनै सार्वजनिक सवारी दुर्घटनाग्रस्त भई त्यसमा यात्रा गरिरहेका कुनै पनि यात्रीलाई कुनै पनि किसिमको हानि नोक्सानी भएमा निजले पाउनु पर्ने उपखण्ड (१) बमोजिमको बीमा रकम निज वा निजको हकवालालाई सवारी धनी वा व्यवस्थापकले क्षतीपूर्ति बापत दिनु पर्छ ।

**९३. यात्रीगुण्टाको बीमाः**

(१) तोकिएको बाटोमा यातायात सेवा सञ्चालन गर्ने सवारी धनी वा व्यवस्थापकले यात्रा गर्ने प्रत्येक यात्रीको यात्रीगुण्टाको तोकिएको रकमको बीमा गराउनु पर्छ ।

(२) यात्रीगुण्टाको वास्तविक मूल्य जतिसुकै भए तापनि त्यस्तो यात्रीगुण्टा कुनै कारणबाट हराए वा नष्ट भएमा उपखण्ड (१)

बमोजिम गरिएको बीमा रकमभन्दा बढी हुने गरी दावी गरिएको क्षतिपूर्तिको रकम प्रति सवारी धनी वा व्यवस्थापक उत्तरदायी हुने छैन ।

(३) उपखण्ड (१) बमोजिम यात्रीगुण्टाको बीमा नगराई कुनै सार्वजनिक सवारीले यातायात सेवा सञ्चालन गर्दा कुनै यात्रीगुण्टा हराए वा नष्ट भएमा यात्रीले पाउनु पर्ने उपखण्ड (१) बमोजिमको बीमा रकम यात्री वा निजको हकवालालाई सवारी धनी वा व्यवस्थापकले क्षतीपूर्ति बापत दिनु पर्छ ।

**९४. तेस्रो पक्षको बीमाः**

(१) सवारीको दुर्घटनाबाट कुनै तेस्रो पक्ष वा निजको कुनै सम्पत्ति कुनै किसिमले नोक्सान भएमा सो नोक्सानीको क्षतीपूर्ति दिने प्रयोजनका लागि सवारी धनी वा व्यवस्थापकले तोकिएको रकमको तेस्रो पक्षको बीमा गराउनु पर्छ ।

(२) सवारी दुर्घटनाबाट कुनै तेस्रो पक्ष वा निजको कुनै सम्पत्ति नोक्सान भएमा सो नोक्सानीको क्षतीपूर्ति बापत उपखण्ड (१) बमोजिमको रकम निज वा निजको हकवालाले पाउनेछ ।

(३) उपखण्ड (१) बमोजिम तेस्रो पक्ष वा कम्प्रिहेन्सीभ बीमा नगराई चलाएको सवारी दुर्घटनाग्रस्त भई कुनै तेस्रो पक्ष वा निजको सम्पत्ति नोक्सान भएमा नोक्सानी बापत तेस्रो पक्ष वा निजको हकवालाले पाउनु पर्ने उपखण्ड (१) बमोजिमको बीमा

रकम निज वा निजको हकवालालाई सवारी धनी वा व्यवस्थापकले क्षतिपूर्ति बापत दिनु पर्छ ।

## परिच्छेद – ९

## काम, कर्तव्य र अधिकार

**९५. गाउँपालिका यातायात व्यवस्थापन समितिः** प्रत्येक क्षेत्रमा चल्ने सार्वजनिक सवारीहरूलाई व्यवस्थित रूपमा सञ्चालन गर्न देहायका सदस्यहरू भएको गाउँपालिका यातायात व्यवस्थापन समिति गठन गरिनेछः–

(क) गाउँपालिका अध्यक्ष – अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(ग) गाउँ कार्यपालिकाले तोकेको गाउँ कार्यपालिका सदस्य १ जना – सदस्य

(घ) प्रमुख, इलाका प्रहरी कार्यालय – सदस्य

(ङ) गाउँ कार्यपालिकाले तोकेको यातायात व्यवसायीहरूको प्रतिनिधि एकजना – सदस्य

(च) गाउँ कार्यपालिकाले तोकेको यातायात मजदूरहरूको प्रतिनिधि एकजना – सदस्य

(छ) प्राविधिक शाखा प्रमुख – सदस्य

(ज) पालिका प्रहरी प्रमुख – सदस्य

(झ) प्रमुख, सडक तथा यातायात व्यवस्थापन उपशाखा – सदस्य– सचिव

**९६. यातायात व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** यातायात व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) आफ्नो क्षेत्रभित्र चल्ने यातायात सेवा निर्वाधरूपमा सञ्चालन गर्न सार्वजनिक सवारीहरूलाई यातायात सेवा सञ्चालन गर्ने कार्यमा संलग्न गराउने ।

(ख) आफ्नो क्षेत्र भित्र बाटो कायम नभएको ठाउँमा केही समयको लागि बाटो कायम गरी यातायात सेवा सञ्चालन गर्नु पर्ने भए अस्थायी बाटो कायम गरी सो बाटोमा चल्ने सार्वजनिक सवारीको भाडा निर्धारण गर्न कानून बमोजिमको निकायमा सिफारिस गर्ने ।

(ग) आफ्नोक्षेत्रभित्र सार्वजनिक सवारीहरूले बाटोको इजाजतपत्र लिई यातायात सेवा सञ्चालन गरे नगरेको, समय-समयमा सो को नविकरण गरे नगरेको निरीक्षण गर्ने वा गर्न लगाउने ।

(घ) आफ्नो क्षेत्र भित्र चल्ने सार्वजनिक सवारीहरूले समय समयमा जाँचपास गरे नगरेको र यो ऐन वा यस ऐन अन्तर्गत बनेको खण्डको अधीनमा रही नियमित यातायात सेवा प्रदान गरे नगरेको समय समयमा निरीक्षण गर्ने वा गर्न लगाउने ।

(ङ) आफ्नो क्षेत्र भित्र यात्रीको चाप र सवारीको सङ्ख्या इत्यादिको अध्ययन गरी कुनै ठाउँमा यातायात सेवा सञ्चालन गर्नु पर्ने आवश्यक देखेमा सो क्षेत्रमा बाटो निर्धारण हुन कानून बमोजिमको निकाय समक्ष सिफारिश गर्ने।

(च) आफ्नो क्षेत्र भित्र यातायात सेवा सुव्यवस्थित रूपमा सञ्चालन गर्न अन्य आवश्यक काम कारवाही गर्ने।

९७. **यातायात निरीक्षकको नियुक्तिः** यस कार्यविधिको अधीनमा रही सवारीहरू चलाएको वा नचलाएको र यातायात सेवामा संलग्न सार्वजनिक सवारीहरूले यस कार्यविधि बमोजिम पालन गर्नुपर्ने शर्तहरू पूरा गरे नगरेको निरीक्षण गर्न गाउँपालिकाले यातायात निरीक्षक नियुक्त गर्न सक्नेछ।

९८. **यातायात निरीक्षकको काम, कर्तव्य र अधिकारः** यातायात निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) यातायात सेवामा संलग्न सार्वजनिक सवारीले बाटोको इजाजतपत्र प्राप्त बाटोमा यातायात सेवा सञ्चालन गरे नगरेको निरीक्षण गर्ने।

(ख) यातायात सेवामा संलग्न भएका सावर्ज निक सवारीहरूले निर्धारित सीट तथा वजन क्षमताका अधीनमा रही यात्री राख्ने तथा मालसामान लाद्ने कार्य गरे नगरेको निरीक्षण गर्ने ।

(ग) यातायात सेवामा संलग्न सवारीहरूले समय समयमा यस ऐन बमोजिम गर्नु पर्ने जाँचपास गराए नगराएको तथा त्यसरी सञ्चालित सेवा पञ्जीकृत भए नभएको जाँच गर्ने ।

(घ) चालक, परिचालकको अनुमतिपत्र तथा यात्रीसूची हेर्ने र यात्रीको टिकट जाँची निर्धारित भाडादर बमोजिम भाडा लिइएको नलिइएको तथा निर्धारित गतिमा सवारी चलाइएको नचलाइएको कुराको निरीक्षण गर्ने ।

(ङ) प्रचलित कानून तथा यस कार्यविधिको पालन चालक, परिचालक, सवारी धनी वा व्यवस्थापकले गरेको छ छनै भन्ने कुराको समय समयमा निरीक्षण गर्ने ।

**९९. प्रशिक्षण केन्द्र, कारखाना तथा वर्कसप सञ्चालन गर्न अनुमति लिनुपर्नेः**

(१) गाउँपालिका क्षेत्रभित्र कुनै पनि किसिमको सवारी चलाउने प्रशिक्षण कार्य सञ्चालन गर्न वा चालक प्रशिक्षण केन्द्र वा बस, ट्रकको बडी निर्माण गर्ने कारखाना वा अटोमोबाइल वर्कसप सञ्चालन गर्न चाहने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले कानून बमोजिमको निकाय र गाउँपालिकाको अनुमति लिनु पर्छ ।

(२) उपखण्ड (१) बमोजिमको अनुमति लिन चाहनेले तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी कानून बमोजिम

तोकिएको निकायको अनुमतिपत्र संलग्न गरी गाउँपालिकामा दरखास्त दिनु पर्छ ।

(३) उपखण्ड (२) बमोजिम दरखास्त परेमा त्यस्तो दरखास्त दिने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले सञ्चालन गर्न खोजेको प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसप सञ्चालन गर्न सक्छ सक्तैन भन्ने कुराको जाँचबुझ गरी कानून बमोजिमको निकायले त्यस्तो प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसप सञ्चालन गर्न अनुमति दिन सक्नेछ ।

## परिच्छेद – १०

## सजाय सम्बन्धी व्यवस्था

**१००. दण्ड सजायः**

(१) यस कार्यविधि विपरितको कार्य गर्ने गराउनेलाई कसुर हेरी एक हजार देखि दश हजार रुपैयाँसम्म सजाय हुनेछ ।

**१०१. यातायात निरीक्षक वा प्रहरीले तत्काल सजाय गर्न सक्नेः**

(१) यस कानून तथा यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कसुर पहिलो पटक गर्नेलाई पचास रुपैयाँदेखि एक सय रुपैयाँ सम्म, दोस्रो पटक गर्नेलाई एक सय रुपैयाँदेखि दुई सय रुपैयाँसम्म र तेस्रो पटक वा सो भन्दा बढी पटक गर्नेलाई दुईसय रुपैयाँदेखि तीनसय रुपैयाँसम्मको जरिवाना

यातायात निरीक्षक वा घटीमा सहायक प्रहरी निरीक्षक दर्जासम्मको अधिकृतले तत्काल गर्न सक्नेछः–

(क) ट्राफिक सङ्केत वा ईशारा उल्लङ्घन गरी सवारी चलाएको ।

(ख) सवारी अड्याकार्यविधी निषेध गरिएको ठाउँ वा समयमा सवारी अड्याएको ।

(ग) सवारी मोड्न वा ध्वनि सङ्केत दिन निषेध गरिएको ठाउँमा सवारी मोडेको वा ध्वनी सङ्केत दिएको ।

(घ) सडकमा गलत साइड तर्फबाट सवारी चलाएको ।

(ङ) एकतर्फी सडकमा सो विपरीत सवारी चलाएको ।

(च) अवस्था ठीक नभएको सवारी चलाएको ।

(छ) निर्धारित गतिभन्दा बढी गतिमा सवारी चलाएको ।

(ज) राती बत्ती नबाली सवारी चलाएको ।

(झ) मादक पदार्थ सेवन गरी सवारी चलाएको ।

(ञ) अरूलाई बाधा पुग्ने गरी सावर्जनिक स्थानमा सवारी राखेको ।

(ट) सवारी चलाकार्यविधी निषेध गरिएको ठाउँ वा समयमा सवारी चलाएको ।

(ठ) नम्बर प्लेट नराखी सवारी चलाएको ।

(ड) सवारीको वजनको हद निर्धारण गरिएको ठाउँमा निर्धारित वजनभन्दा बढी वजनको सवारी चलाएको ।

(ढ) पेटी नबाँधी वा हेल्मेट नलगाई सवारी चलाएको ।

(ण) सवारीमा बस्ने वा राख्ने मानिस वा मालसामानको हद निर्धारित गरिएकोमा सो हद भन्दा बढी राखी सवारी चलाएको ।

(त) सार्वजनिक सवारीको चालकले यात्री लिन इन्कार गरेको ।

(थ) निर्धारित भाडा दरभन्दा बढी भाडा लिई सवारी चलाएको ।

(द) लापरवाही साथ सवारी चलाएको ।

(ध) बाटो इजाजतपत्र नलिई सार्वजनिक सवारी चलाएको ।

(न) चालक अनुमतिपत्र साथमा नराखी सवारी चलाएको ।

(२) उपखण्ड (१) बमोजिम यातायात निरीक्षक वा प्रहरीले गरेको जरिवानाको रकम तत्काल बुझाउन नसक्नेलाई चौबीस घण्टाभित्र त्यस्तो रकम सम्बन्धित प्रहरी कार्यालय वा अधिकार प्राप्त अधिकारी समक्ष बुझाउन पुर्जी दिनेछ ।

(३) उपखण्ड (१) मा जनु सुकै कुरा लेखिएको भए तापनि कसैले उपखण्ड (१) मा उल्लेखित कसुर गर्दाको बखत निजलाई सजाय गर्न तत्काल घटनास्थलमा घटीमा सहायक

प्रहरी निरीक्षक दर्जासम्मको अधिकृत नभएमा पनि घटनास्थलमा रहेको कुनै पनि प्रहरी जवानले त्यस्तो कसुर गर्नेलाई निजले गरेको कसुर खुलाई सो बापत निजलाई हुने जरिवानाको रकम चौबीस घण्टाभित्र सम्बन्धित प्रहरी कार्यालयमा बुझाउन पुर्जी दिनेछ ।

(४) उपखण्ड (२) वा (३) बमोजिमको पुर्जी दिंदा त्यस्तो पुर्जीको नक्कल प्रतिमा सो पुर्जी बुझ्नेको सही समेत गराउनु पर्छ ।

(५) उपखण्ड (२) वा (३) मा लेखिएको समयसम्म पनि अधिकार प्राप्त अधिकारी वा सम्बन्धित प्रहरी कार्यालय समक्ष त्यस्तो जरिवानाको रकम नबुझाउनेलाई अधिकार प्राप्त अधिकारीले एकहजार रुपैयाँसम्म जरिवाना गरी त्यस्तो व्यक्ति चालक भए चालक अनुमतिपत्र, सवारी धनी वा व्यवस्थापक भए सवारीको बाटो इजाजतपत्र वा निजहरूले यातायात सेवा सञ्चालन गर्न प्राप्त अनुमतिपत्र बढीमा एक महिनासम्मको लागि निलम्बन गर्न सक्नेछ ।

(६) उपखण्ड (५) बमोजिम निलम्बन गरिएको अवधिसम्म पनि जरिवाना नुबझाएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो चालक अनुमतिपत्र, बाटो इजाजतपत्र वा यातायात सेवा सञ्चालन गर्न प्राप्त अनुमतिपत्र खारेज गर्न सक्नेछ ।

## परिच्छेद – ११

## विविध

**१०२. हानि नोक्सानी पुऱ्याउन नहुनेः** कसैले सवारीमा रहेका चालक, परिचालक, सुरक्षाकर्मी, सवारीका अन्य कर्मचारी वा यात्रीलाई पिट्ने, सवारी रोक्ने, सवारी तोडफोड गर्ने वा अन्य कुनै किसिमले त्यस्तो सवारी वा सवारीमा रहेका मानिस वा मालसामानलाई कुनै हानि नोक्सानी पुऱ्याउने काम गर्न, गराउन हुँदैन ।

**१०३.सवारी धनी वा व्यवस्थापकले तिर्नु पर्नेः** कुनै चालकले लापरवाही गरी वा बदनियतपूर्वक कानून वा यस कार्यविधिको उल्लङ्घन गरेकोमा बाहेक अन्य अवस्थामा कानून तथा यस कार्यविधि बमोजिम त्यस्तो चालकले तिर्नु पर्ने जरिवाना, घा खर्च, कृया खर्च वा क्षतिपूर्तिको रकम सम्बन्धित सवारी धनी वा व्यवस्थापकले तिरी दिनु पर्छ ।

**१०४. प्रतिस्पर्धात्मक ढङ्गबाट यातायात सेवा सञ्चालन गर्नेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि स्वच्छ प्रतिस्पर्धात्मक ढङ्गबाट यातायात व्यवसायको विकास गर्नको लागि सार्वजनिक सवारीलाई चक्रप्रणाली अन्तर्गत यातायात सेवा सञ्चालन गर्ने गरी इजाजतपत्र प्रदान गरिने छैन ।

**१०५. निर्देशन दिन सक्नेः** अधिकार प्राप्त अधिकारीले यातायात व्यवसायीहरूलाई यातायात व्यवसायलाई प्रभावकारी बनाउने तथा

यातायात सेवालाई सरल तथा सुलभ बनाउन आवश्यक निर्देशन दिन सक्नेछ । यसरी दिइएको निर्देशनको पालना गर्नु यातायात व्यवसायीको कर्तव्य हुनेछ ।

**१०६. अधिकार प्रत्यायोजनः** अधिकार प्रत्यायोजन सम्बन्धी व्यवस्था प्रचलित कानूनमा तोके बमोजिम हुनेछ ।

**१०७. पुनरावेदनः** पुनरावेदन सम्बन्धी व्यवस्था प्रचलित कानूनमा तोके बमोजिम हुनेछ ।

**१०८. उजरु , हदम्याद र पुनरावेदन गर्नेः** (१) उजुरी, हदम्याद र पुनरावेदन गर्ने सम्बन्धी व्यवस्था प्रचलित कानूनमा तोके बमोजिम हुनेछ।

**१०९. सहयोग पुऱ्याउनु पर्नेः** प्रचलित कानून तथा यस कार्यविधिको आदेश कार्यान्वयन गर्ने सन्दर्भमा अधिकार प्राप्त अधिकारीले वा यातायात निरीक्षकले कुनै किसिमको सहयोग मागेमा निजहरूलाई त्यस्तो सहयोग पुऱ्याउने कर्तव्य प्रहरी लगायत सम्बन्धित सबैको हुनेछ ।

**११०. असल नियतले गरेको कामको बचाउः** अधिकार प्राप्त अधिकारी वा निजले अधिकार प्रत्यायोजन गरेको समिति, अधिकारी, यातायात निरीक्षक, प्रहरी कर्मचारी वा सम्बन्धित कुनै कर्मचारीले यस कार्यविधि बमोजिम आफ्नो कर्तव्य पालन गर्दा असल नियतले गरेको काम कारवाहीमा निज व्यक्तिगत रूपमा जवाफदेही हुने छैन ।

चुरे गाउँपालिका

## अनुसूची १

## (खण्ड ३, ४ र ५ सँग सम्बन्धित)

## सवारीको वर्गीकरण

**खण्ड (क)**

ठुलो सवारी (खण्ड ३ सँग सम्बन्धित):- स, ट्रक, ट्र्याक्टर, दमकल, डोजर, लोडर, डम्फर, क्रेन, रोलर आदि ।

**खण्ड (ख)**

मझौला सवारी (खण्ड ४ सँग सम्बन्धित):- मिनिबस, मिनिट्रक, जीप, पीकअप, भ्यान, क्रेन, ट्र्याक्टर, रोलर आदि ।

**खण्ड (ग)**

सानो सवारी (खण्ड ५ सँग सम्बन्धित):-कार, जीप, भ्यान, पिकअप, मोटर साइकल, स्कूटर, टेम्पो, पावर टिलर आदि ।

अनुसूची– २

(खण्ड २१ सँग सम्बन्धित)

चुरे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

**बाटो इजाजतपत्र**

इजाजत दिने अधिकारीको

नामः–

दर्जाः–

दस्तखतः–

मितिः–

चेसिसको लम्बाईः–

इन्जिन नम्बरः–

मोडेलः–

गाडी नं.:-

सवारी निर्माण गर्ने कम्पनी वा संस्थाको नाम र ठेगानाः–

बडी तयार गर्ने कारखानाको नाम ठेगानाः–

इजाजत पत्र नः–

सवारीको किसिमः–

सवारी धनी वा व्यवस्थापकको नामः–

विमा अवधीः (क) चालक, परिचालक लगायत कर्मचारीको

(ख) यात्रुको

(ग) तेस्रो पक्षको

| इजाजत पत्र पाएको क्षेत्र रुट | बहाल अवधि | इजाजत पत्र दिने वा नविकरण गर्ने अधिकारीको दस्तखत र मिति | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

चुरे गाउँपालिका

अनुसूची– ३

(खण्ड २० को उपखण्ड (१) सँग सम्बन्धित)

<u>बाटो इजाजत पत्रको लागि दिईने दरखास्त</u>

श्रीमान कार्यालय प्रमुखज्यू

चुरे गाउँपालिकाको कार्यालय।

निम्न अनुसारको यातायात सेवाको सवारीलाई निम्न अनुसारको बाटो इजाजत पत्र पाउनको लागि लाग्ने दस्तुर र आवश्यक प्रमाण पत्रहरू राखी दरखास्त दिएकोछ।खण्डानुसार बाटोको इजाजतपत्र पाउँ ।

१. यातायात सेवाको विवरण–

(क) यातायात सेवाको नाम –

(ख) यातायात सेवा दर्ता मिति–

(ग) यातायात सेवाको नविकरण अवधि–

(घ) यातायात सेवा दर्ता गर्ने कार्यालय–

(ङ) यातायात सेवा रहेको मुख्य कार्यालयको स्थान र फो. नं.–

(च) अन्य

२. सवारी धनीको विवरण–

(क) सवारी धनीको नाम थर –

(ख) ठेगाना –

(ग) सवारी व्यवस्थापकको नाम थर –

(घ) सवारी व्यवस्थापकको ठेगाना–

३. सवारीको विवरण–

(क) सवारी नं.–

(ख) दर्ता मिति–

(ग) सवारीको किसिम

(घ) सवारीको इन्जिन नं.–

(ङ) सवारीको चेसिस नं.–

(च) सवारीको मोडेल नं. र निर्माताकम्पनीः–

(अ) मोडेलः– (आ) निर्माता कम्पनी –

(छ) निर्माण भएको साल –

(ज) सवारीको वजन क्षमता –

(अ) कुल वजन – (आ) भारवाहन क्षमता–

(ई) सिटक्षमता–

(झ) अन्य –

४. सवारीको बाटो इजाजत पत्र माग गरेको क्षेत्र वा बाटोको विवरण–

(क) (ख)

(ग) (घ)

(ङ) (च)

५. यस अघि कुन कार्यालयबाट बाटो इजाजतपत्र प्राप्त गरेको भए सो को विवरण–

(क) पाएको बाटो–

(ख) इजाजत पत्र पाएको नं. र मिति–

(ग) बहाल अवधि–

(घ) इजाजत दिने कार्यालय–

(ङ) सहमतिपत्र पाएको मिति–

६. जाँचपास सम्बन्धी विवरण–

(क) जाँचपास भएको मिति र अवधि– मिति–

अवधि–

(ख) जाँचपास गरिदिने कार्यालय–

७. सवारी बीमा सम्बन्धी विवरण–

(क) सवारी बीमाः–

(अ) बीमा भएको मिति– (आ) अवधि–

इ) बीमा गर्ने कम्पनी वा निकाय–

(ख) यात्री बीमाः–

(अ)बीमा भएको मिति– (आ) अवधि–

(इ) बीमा गर्ने कम्पनी वा निकाय–

(ग) मजदुर बीमाः–

(अ)बीमा भएको मिति– (आ) अवधि–

(इ) बीमा गर्ने कम्पनी वा निकाय–

(घ) तेर्सो पक्ष बीमा:–

(अ) बीमा भएको मिति– (आ) अवधि–

(इ) बीमा गर्ने कम्पनी वा निकाय-

(ङ) यात्री गुण्टा बीमा:–

(अ)बीमा भएका मिति– (आ) अवधि–

(इ) बीमा गर्ने कम्पनी वा निकाय–

८. सवारीमा काम गर्ने कर्मचारीको विवरण–

(क) चालक:– (अ) नाम थर –

(आ) ठेगाना –

(इ) अनुमतिपत्र दिने कार्यालय र अनुमतिपत्र न.:-

(ख) परिचालक:– (अ) नाम थर –

(आ) ठेगाना –

(इ) अनुमतिपत्र दिन कार्यालय र अनुमतिपत्र न.:-

(ग) अन्य कर्मचारी:– (अ) नाम थर –

(आ) ठेगाना –

(इ) अनुमतिपत्र दिने कार्यालय र अनुमतिपत्र नं.–

९. यात्री बाहक सवारी भएमा टिकट काउन्टर रहने स्थान –

१०. सवारी नचलेको समयमा वा अवधिमा सवारी पार्किङ· गर्ने स्थान –

११. अन्य विवरण–

(क)

(ख)

(ग)

(घ)

(ङ)

<u>दरखास्तवालाको</u>

सही –

नाम थर –

ठेगाना –

मिति–

<u>कार्यालय प्रयोजनको लागि</u>

(१) उक्त सवारीले माग गरेको बाटोको इजाजत पत्र दिन सकिने–नसकिने विवरण खुलाउने–

(क) बाटो इजाजत पत्र दिन नसकिने भए सो को कारण खुलाउने-

(अ)

(आ)

(इ)

(ख) बाटो इजाजत पत्र दिन सकिनेभ ए कुन कुन बाटोको इजाजत पत्र दिने हो सो खुलाउने -

| | |
|---|---|
| (क) | (ख) |
| (ग) | (घ) |
| (ङ) | (च) |

२. बाटो इजाजत पत्र न.:-

३. बाटो इजाजत पत्रको दस्तुर रु.- भौचर-

रसिद न.:-

४. संलग्न कागज पत्रहरू –

५. अन्य विवरण–

| | |
|---|---|
| ........................................ | ........................................ |
| बाटो इजाजत दिने सिफारिस गर्ने फाँटवालाको सही | बाटो इजाजत दिने अधिकारीको सही |

अनुसूची– ४

(खण्ड २३ का उपखण्ड (१) सँग सम्बन्धित)

बाटो परिवर्तनको लागि दिइने दरखास्त

श्रीमान कार्यालयप्रमुखज्यू

चुरे गाउँपालिकाको कार्यालय,।

यस कार्यालयका बाटो इजाजत नं................बाट बाटो इजाजत पत्र लिइरहेको माहाल उक्त

बाटो परिवर्तन गरी इजाजत पत्र लिने इच्छा भएकोले आवश्यक दस्तुर र प्रमाणहरू राखी दरखास्त

दिएकोछु। खण्डानुसार बाटो परिवर्तन गरी इजाजतपत्र पाउँ ।

१. सवारी नम्बर –

२. बाटोइजाजत नं.–

३. यातायात सेवा –

४. सवारी धनी –

५. पहिले सवारीले बाटो इजाजत पत्र पाएको बाटो–

६. सवारी दर्ता प्रमाणपत्र नविकरण–

७. जाँचपास प्रमाणपत्र –

८. बीमाहरू–

९. परिवर्तनगरी लिन चाहेको बाटोको विवरण– (क)

(ख)

(ग)

१०. दस्तुर –

दरखास्तवालाको

सही –

नाम थर –

मिति–

<u>कार्यालय प्रयोजनको लागि</u>

बाटो इजाजत पत्र नम्बर –

दस्तुर –

संलग्न कागजात–

| | |
|---|---|
| ..................................... | ................................ |
| इजाजत पत्र दिन सिफारिस गर्नेको सही | इजाजत दिने अधिकारीको सही |

अनुसूची– ५

(खण्ड २५ सँग सम्बन्धित)

## पटके बाटो इजाजत पत्रको लागि दिईने दरखास्त

श्रीमान कार्यालय प्रमुखज्यू

चुरे गाउँपालिकाको कार्यालय,

निम्न विवरण भएको सवारीलाई निम्न बमोजिम बाटोमा सञ्चालन गर्न पटके बाटो इजाजत पत्र पाउनको लागि लाग्न दस्तुर र आवश्यक प्रमाण पत्र समेत राखी दरखास्त दिएको छु/छौं। खण्डानुसार पटके बाटो इजाजत पत्र पाउँ ।

१. यातायात सेवाको नाम र ठेगाना–

२. सवारी धनीको नाम र ठेगाना–

३. सवारीको दर्ता नं.र मिति–

४. सवारीको किसिम–

५. सवारीको बाटो इजाजत पत्रको विवरण–

(क) इजाजत पत्र पाएको बाटो इजाजतपत्र नं.र दिने कार्यालय–

(ख) पाएको स्थायी बाटो –

(ग) वहाल अवधि–

६. पटके बाटोइजाजत पत्र लिनेक्षेत्र –

७. टके बाटोइजाजत पत्र लिनेपर्ने कारण–

(केकार्यको लागिजाने हो सो खुलाउने)

८. पटके बाटोइजाजत पत्र माग गरेको अवधि– देखि–

सम्म –

९. जाने आउने पटक –

१०. उक्त सवारीको जाँचपास वहाल अवधि–

११. दस्तुर रकम –

१२. अन्य विवरण–

दरखास्तवालाको

सही –

नाम थर –

वतन –

मिति–

चालक– परिचालक अनुमतिपत्र नं.र दिने

कार्यालय

अनुसूची– ६

(खण्ड २५ सँग सम्बन्धित)

<u>पटके बाटो इजाजत पत्र</u>

इजाजत पत्र न.–

मिति–

१. यातायात सेवाको नाम र ठेगाना–

२. सवारी धनीको नाम थर र ठेगाना –

३. सवारी दर्ता नं.र मिति–

४. सवारीको किसिम–

५. पटके बाटो दिएकोक्षेत्र – देखि सम्म

६. पटके बाटोको अवधि– देखि सम्म

७. जाने आउने पटक –

८. पटके बाटो लिएको दूरी –

९. बुझाएको दस्तुर रकम –

१०. सेवा सञ्चालनको शर्त (केही भए)–

११. अन्य –

................................ ....................................

इजाजत पत्र बुझ्नेको सही | इजाजतपत्र दिने अधिकारीको सही

अनुसूची-७

(खण्ड २७ सँग सम्बन्धित)

## बाटो इजाजत पत्रको नविकरणको लागि दिइने दरखास्त

श्रीमान कार्यालय प्रमुखज्यू

चुरे गाउँपालिकाको कार्यालय,।

निम्न विवरण भएको सवारीको निम्नानुसारको बाटो इजाजतपत्र नविकरण गरी पाउनको लागि लाग्ने दस्तुर र आवश्यक कागजपत्र यस साथ संलग्न राखी दरखास्त दिएकोछु/छौं।खण्डानुसार बाटो इजाजत पत्र नविकरण गरी पाउँ ।

१. यातायात सेवाको नाम र ठेगाना–

२. सवारी धनीको नाम र ठेगाना–

३. सवारी व्यवस्थापनको नाम र ठेगाना –

४. सवारी दर्ता न –

५. सवारीको किसिम–

६. सवारीको बाटो इजाजत पत्र नं.–

७. सवारीको बाटो इजाजत पत्र नविकरण गर्नु पर्ने क्षेत्र –

(क) (ख) (ग)

(घ) (ङ) (च)

८. साविक बाटोमा थपघट भएको भए सो को विवरण–

(क)

(ख)

९. बाटो इजाजत पत्रको बहाल अवधि–

१०. बाटो इजाजत नविकरणगर्नुपर्ने अवधि– देखि सम्म

।

११. जाँचपास सम्बन्धी विवरण–

(क) जाँचपास भएको मिति र अवधिः–

मितिः अवधिः

(ख) जाँचपास गरिदिने कार्यालय–

१२. सवारी बीमा सम्बन्धी विवरण–

(क) सवारी बीमाः–

(अ) बीमा भएको मिति– (आ) अवधि–

(इ) बीमा गर्ने कम्पनी वा निकाय–

(ख) यात्रु बीमाः–

(अ)बीमा भएको मिति– (आ) अवधि–

(इ) बीमा गर्ने कम्पनी वा निकाय–

(ग) मजदुर बीमाः–

(अ)बीमा भएको मिति– (आ) अवधि–

(इ) बीमा गर्ने कम्पनी वा निकाय–

(घ) तेश्रा पक्ष बीमाः–

(अ) बीमा भएको मिति– (आ) अवधि–

(इ) बीमा गर्ने कम्पनी वा निकाय –

(ङ) यात्री गुण्टा बीमाः–

(अ)बीमा भएको मिति–                    (आ) अवधि–

(इ) बीमा गर्ने कम्पनी वा निकाय–

१३. सवारीमा काम गर्ने कर्मचारीको विवरणः– (पहिले नदिएको वा पहिले दिएको विवरण परिवर्तन भएकाको लागि मात्र)

(क) चालकको नाम थर ठेगानार अनुमतिपत्र नं.–

(ख) परिचालकको नाम थर ठेगाना र अनुमतिपत्र नं.–

(ग) अन्य कर्मचारीको नाम थर ठेगानार अनुमतिपत्र न.–

१४. यात्रुवाहक सवारीको टिकट काउण्टर रहन स्थान –

१५. सवारी नचलेको समयमा पार्किङ्गगर्ने स्थान –

१६. अन्य –

दरखास्तवालाका

सही –

नाम थर –

ठेगाना –

मिति–

अनुसूची– ८

(खण्ड ३० सँग सम्बन्धित)

<u>बाटो इजाजत पत्र स्थगित राख्न दिइने दरखास्त</u>

श्रीमान कार्यालय प्रमुखज्यू

चुरे गाउँपालिकाको कार्यालय,

यस कार्यालयका बाटो इजाजत पत्र नं..............सवारी नम्बर..........कोसवारी हाल सञ्चालन गर्ने उपयुक्त नभएकोले बाटो इजाजतपत्र स्थगितराख्न बाटो इजाजतपत्र र जाँचपास प्रमाणपत्र सक्कल संलग्न राखी यो दरखास्त पेश गरेको छु । व्यहोरासाँचो हो झुट्ठा ठहरे कानून बमोजिम सहुँला/बुझाउँला।

१. सवारी नम्बर –

२. बाटो इजाजत नम्बर –

३. जाँचपास प्रमाणपत्र –

४. बिग्रीई बनाकार्यविधी नसक्ने भएमा वर्कशपको पत्र –

५. स्थगितराख्नु पर्नाको कारण खुल्ने अन्य प्रमाण-पत्रहरू–

दरखास्तवालाको

सही –

नाम थर –

ठेगाना –

मिति –

कार्यालय प्रयोजनको लागि

१. सक्कल - बाटो इजाजतपत्र खिचि कार्यालयमा राखिएको ।

२. सक्कल - जाँचपास प्रमाणपत्र खिचि कार्यालयमा राखिएको ।

३. स्थगित राख्नु पर्नाको कारण खुलेको पत्र ।

४. प्राविधिकको राय –

अनुसूची– ९

चुरे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

## बाटो इजाजतपत्र दर्ता किताब

१. बाटोइजाजत पत्र नं.–

२. यस कार्यालयबाट पास शुरु बाटोको विवरण–

(क) (ख)

(ग) (घ)

(ङ) (च)

३. यातायात सेवाको विवरण –

(क) यातायात सेवाको नाम –

(ख) यातायात सेवा दर्ता नं. र मिति–

(ग) दर्ता गर्ने कार्यालय–

(घ) यातायात सेवाको मुख्य कार्यालय रहेको स्थान –

४. सवारीको विवरण–

(क) सवारी नं.–

(ख) दर्ता मिति–

(ग) किसिम–

(घ) इञ्जिन नं.–

(ङ) चेसिस नं.–

(च) मोडले र निर्माता कम्पनीः–

(अ)माडेल– (आ) निर्माताकम्पनी–

(इ)बनेको साल–

(छ) सवारीकोवजन क्षमताः–

(अ)कूल वजन– (आ) भार वहन क्षमता–

(इ) सिटक्षमता –

(ज) अन्य –

५. सवारी धनी र सञ्चालक सम्बन्धी विवरण–

(क) सवारी धनीको नाम थर –

(ख) सवारी धनीको ठगाना –

(ग) सवारी व्यवस्थापक वा सञ्चालकको नाम थर –

(घ) सवारी व्यवस्थापक वा सञ्चालकको ठेगाना–

६. जाँचपास सम्बन्धी विवरण–

(क) जाँचपास भएको मिति र अवधिः–

मिति– अवधि–

(ख) जाँचपास गरिदिने कार्यालय–

७. सवारी बीमा सम्बन्धी विवरण–

(क) सवारी बीमाः–

(अ) बीमा भएको मितिः– (आ) अवधि–

(इ) बीमा गर्ने कम्पनी वा निकाय–

(ख) यात्रु बीमाः–

(अ) बीमा भएको मिति– (आ) अवधि–

(इ) बीमा गर्ने कम्पनी वा निकाय –

(ग) मजदुर बीमाः–

(अ)बीमा भएको मिति– (आ) अवधि–

(इ) बीमा गर्ने कम्पनी वा निकाय–

(घ) तेस्रो पक्ष बीमाः–

(अ) बीमा भएको मिति– (आ) अवधि–

(इ) बीमा गर्ने कम्पनी वा निकाय–

(ङ) यात्री गुण्टा बीमाः–

(अ)बीमा भएको मिति– (आ) अवधि–

(इ) बीमा गर्ने कम्पनी वा निकाय–

८. सवारीमा काम गर्ने कर्मचारीको विवरणः–

(क) चालकको नाम थर ठेगाना र अनुमतिपत्र नं.–

(ख) परिचालकको नाम थर ठेगाना र अनुमतिपत्र नं.–

(ग) अन्य कर्मचारीको नाम थर ठेगाना र अनुमतिपत्र नं.–

९. यात्रुवाहक सवारी भएमा टिकट काउण्टर रहने स्थान –

१०. सवारी नचलेको समय वा अवधिमा सवारी पार्किङ्ग गर्ने स्थान –

११. यस अघि बाटो इजाजतपत्र पाएको भए सो को विवरण, अवधिर दिन

कार्यालय–

१२. अन्य विवरण–

<u>बाटो इजाजतपत्र नविकरण, बाटो थप, स्थगित आदिको विवरण</u>

| मिति | ठेगाना | नविकरण | दस्तुर र | स्थगीत | खारेज मिति | पुनः दर्ता | नामसारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

अनुसूची– १०

(खण्ड ३२ सँग सम्बन्धित)

<u>बाटो इजाजत पत्रको प्रतिलिपिको लागि दिइने दरखास्त</u>

श्रीमान कार्यालयप्रमुखज्यू,

चुरे गाउँपालिकाको कार्यालय,

यस कार्यालयबाट प्रदान गरिएको सवारी नम्बर............ को बाटो इजाजत पत्र नं. .................... हराएकोले उक्त बाटा इजाजत पत्रको नक्कल पाउन निम्नप्रमाण पत्र सक्कल संलग्न राखी यो दरखास्त पेश गरेका छ ।व्यहोरा साँचो हो झुट्टा ठहरे कानून बमोजिम सहुँला/बुझाउँला ।

१. सवारी नम्बर –

२. बाटोइजाजत नम्बर –

३. जाँचपास प्रमाणपत्र –

४. बिग्रीबनाउन नसक्ने भएमा वर्कशपका पत्र –

५. अन्य प्रमाणहरू–

अनुसूची– ११

(खण्ड ३५ सँग सम्बन्धित)

यातायात सेवाको नाम पञ्जिकृत गर्न दिइने दरखास्त

श्री कार्यालय प्रमुखज्यू

चुरे गाउँपालिकाको कार्यालय, कैलाली ।

टिकट

निम्न विवरण भएको यातायात सेवा सञ्चालन गर्नको लागि उक्त यातायात सेवाको नाम पञ्जिकृत गरी पाउनको लागि लाग्ने दस्तुर र आवश्यक कागजपत्रहरू संलग्न गरी दरखास्त दिएकोछु/छौं। खण्डानुसार उक्त यातायात सेवाको नाम पञ्जिकृत गरी सञ्चालन गर्न इजाजतपत्र पाउँ ।

१. यातायात सेवाकानाम –

२. यातायात सेवा सञ्चालन गर्ने सवारी धनीको नाम थर ठेगाना/संगठित संस्था भए त्यस्ता संस्थाको नाम, ठेगाना–

(क)

(ख)

३. यातायात सेवाको ठेगाना –

४. यातायात सेवाको पुँजी रजिष्ट्रड भएको भए –

(क) फर्म वा पुँजी रजिष्ट्रड गर्ने कार्यालय–

(ख) रजिष्ट्रड पूँजीः–

(अ)चालु (आ) अधिकृत–

(ग) रजिष्ट्रड नं.–

(घ) रजिष्ट्रड मिति–

५. उक्त यातायात सेवाकोनाम राखी सञ्चालन हुने सवारीको विवरण–

| क्र.सं. | सवारीधनीको नाम | सवारी दर्ता नं. | सवारी दर्ता मिति | सवारीको किसिम |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

६. उक्त यातायात सेवामा काम गर्ने कर्मचारी तथा मजदुरहरूको विवरण–

| क्र.सं. | नाम थर | ठेगाना | पद | नियुक्ति मिति | अन्य |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

७. अन्य विवरण–

दरखास्तवालाको

सही –

नाम थर –

ठेगाना –

मिति–

अनुसूची– १२

(खण्ड ३५ सँग सम्बन्धित)

चुरे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

<u>(यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्रको ढाँचा)</u>

फोटो

दर्ता नं.–

दर्ता मितिः–

सवारी तथा यातायात व्यवस्था सम्बन्धी कार्यविधि, २०८१ को खण्ड ३५ अनुसार देहायको सेवा सञ्चालन गर्न यो अनुमतिपत्र दिइएको छ ।

व्यक्ति/फर्म/कम्पनीको नामः–

.................................... ..................................

दर्ता गर्न सिफारिस गर्ने फाँटवालाको दस्तखत

दर्ता स्वीकृत गर्ने अधिकृतको दस्तखत

पछाडी पट्टी

## नविकरण, नामसारी, खारेज, पुनः दर्ता आदिको विवरण

| मिति | ठेगाना | नविकरण | दस्तुर र रसिद | स्थगीत मिति | खारेज मिति | पुनः दर्ता मिति | नामसारी भएमा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

# अनुसूची १३

## चुरे गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## कैलाली

## सुदूरपश्चिम प्रदेश, नेपाल

<u>यातायात सेवा पञ्जीकृत किताब</u>

| प्रमुख संचालकको फोटो वा यातायात सेवाको छाप |
|---|

१. यातायात सेवाको नाम –

२. दर्ता मिति–

३. ठेगाना –

४. यातायात सेवाको प्रोप्राइटर वा साझेदार वा प्रथम सञ्चालकहरूको नाम थर ठेगाना–

संगठित संस्था भए प्रबन्धपत्र –

(क)

(ख)

(ग)

५. यातायात सेवाकोपुँजी रजिष्ट्रडभएको भए –

(क) रजिष्ट्रड नं.र मिति–

(ख) रजिष्ट्रडगर्ने कार्यालय–

(ग) रजिष्ट्रडपूँजीः–

(अ) चालु पुँजी (आ) अधिकृत पुँजी –

६.उक्त यातायात सेवाको नाममा सञ्चालन हुने सवारीको विवरण–

| क्र.सं. | सवारी धनीको नाम | सवारी दर्ता नं. | सवारी दर्ता मिति | सवारीको किसिम | सेवाको किसिम |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

७. सवारीमाकाम गन कर्मचारीतथा मजदुरहरूका विवरण–

| क्र.सं. | नाम थर | ठेगाना | पद | नियुक्ति मिति | अन्य |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

८.अन्य विवरण–

यातायात सेवा दर्ता गर्ने फाटवालाको सही
मिति

सिफारिस गर्नेको सहि
मिति

दर्ता प्रमाणित गर्ने अधिकारीको सहि
मिति

<u>नविकरण, नामसारी, खारेज, पुनः दर्ता आदिको विवरण</u>

| मिति | ठेगाना | नविकरण | दस्तुर र | स्थगीत | खारेज मिति | पुनः दर्ता | भएमा नामसारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

टिकट

## अनुसूची– १४

(खण्ड ३६ सँग सम्बन्धित)

### यातायात सेवा सञ्चालन गर्न अनुमतिपत्र नविकरणको लागि दिइने दरखास्त

श्रीमान कार्यालय प्रमुखज्यू

चुरे गाउँपालिकाको कार्यालय,

निम्न अनुसारको यातायात सेवा सञ्चालन गर्न दिइएको अनुमतिपत्रको अवधि समाप्त भएको हुनाले उक्त अनुमतिपत्रको नविकरण गराउनको लागि निम्न अनुसारको विवरण भरी लाग्ने दस्तुर र आवश्यक कागजपत्र यस साथ संलग्न गरेको छु। खण्डानुसार नविकरण गरी पाउँ ।

१. यातायात सेवाकोनाम –

२. दर्ता नं.–

३. दर्ता मिति–

४. नविकरण म्याद समाप्त भएको मिति–

५. नविकरण गराउने अवधि–

६. यातायात सेवाको प्रोप्राइटर वा साझेदार वा मुख्य सञ्चालकको नाम थर –

७. यातायात सेवाको ठेगाना (मुख्य कारोवार स्थान)–

८.   पुँजी रजिष्ट्रड नविकरण अवधि–

९.   आयकरदर्ता प्रमाण पत्र नविकरण अवधि–

१०.यातायात सेवामा सञ्चालन हुन सवारीको विवरण (पहिले दिएको विवरणमा भएको मात्र उल्लख गर्ने)

| क्र.सं. | सवारी धनीको नाम | सवारी दर्ता नं. | सवारी दर्ता मिति | सवारीको किसिम | सेवाको किसिम |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

११. यातायात सेवामा काम गर्न कर्मचारी तथा यातायात मजदुरहरूका विवरण (पहिले दिएको विवरण थपघट भएको मात्र उल्लेख गर्ने

| क्र.सं. | नाम थर | ठेगाना | पद | नियुक्ति | मिति | अन्य |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

१२. नविकरणगर्न बुझाएको दस्तुर र रसिद नं.–

१३. अन्य विवरण–

दरखास्तवालाको

सही –

नाम थर –

ठेगाना –

मिति –

अनुसूची– १५

<u>यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्र स्थगित राख्न दिइने दरखास्त</u>

श्री कार्यालय प्रमखु ज्यू

चुरे गाउँपालिकाको कार्यालय,

<u>टिकट</u>

................................बाट निम्न विवरणभएका यातायातसेवा पञ्जीकृत गरी सेवा सञ्चालन गरी रहेकोमा हाल यातायात सेवा सञ्चालन गर्न नसकेकोले यातायात सेवा सञ्चालन अनुमतिपत्र संलग्न राखी स्थगित राख्नको निम्तियो दरखास्त पेश गरेको छु । व्यहोरा फरक छैन, फरक परेमा कानून बमोजिम सहुँला– बुझाउँला ।

१. यातायात सेवाकोनाम –

२. यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्र–

३. सेवा आयकर क्लिएरेन्स प्रमाणपत्र –

४. अन्य प्रमाण –

दरखास्तवालाको

सही –

नाम थर –

ठेगाना –

मिति–

कार्यालय प्रयोजनको लागि

१. नविकरण वहाल रहेका सेवा सञ्चालन गर्न अनुमतिपत्रको सक्कल

२. यातायात सेवा सञ्चालन अनुमतिपत्रको कर क्लिएरेन्स प्रमाणपत्र सक्कल

३. अन्य प्रमाण –

| | | |
|---|---|---|
| फाटवालाको सही | सिफारिस गर्नेको सही | सेवा स्थगित राख्ने निर्णय दिने अधिकारीको सही |

अनुसूची– १६

चुरे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कैलाली

सुदुरपश्चिम प्रदेश, नेपाल

## यातायात सेवा सञ्चालन स्थगित राख्ने अनुमतिपत्र

यस कानून बमोजिमको निकायमा मिति...............मा.............नामबाट यातायात सेवा सञ्चालन अनुमतिपत्र दिइएकोमा सवारी धनी वा व्यवस्थापकको तर्फबाट....................ले उक्त अनुमतिपत्र स्थगित राख्न मिति ..............मा निवेदन दिनु भएकोमा मिति.................... को निर्णय अनुसार मिति........... देखि ........... नामको यातायात सेवा स्थगित राख्ने अनुमति दिइएकोछ ।

अधिकृतको सही

## अनुसूची– १७

(खण्ड ४६ का उपखण्ड (४) सँग सम्बन्धित)

## यातायात सेवा पुनः सञ्चालन गर्न दिइने दरखास्त

श्रीमान कार्यालय प्रमुखज्यू

चुरे गाउँपालिकाको कार्यालय

मेरो/हामी/हाम्रो यस कानून बमोजिमको निकायमा दर्ता रहेको ..........................नामको यातायात सेवा सञ्चालन अनुमतिपत्र मिति ................को निर्णयले स्थगित राखिएकोमा हाल सेवा सञ्चालन गर्न परेकोले प्रमाणपत्र फुकुवा गरी पाउँ ।

१. यातायात सेवाकोनाम –

२. सञ्चालकहरूको नाम (हेरफेर भए नामको उल्लेख)–

३. आयकरदर्ता प्रमाणपत्र–

४ दस्तुर –

दरखास्तवालाको

सही –

नामथर–

ठेगाना –

मिति–

कार्यालय प्रयोजनको लागि

यातायात सेवा पञ्जीकृत प्रमाणपत्र फुकुवा गरिदिन पेश गर्ने

| | | |
|---|---|---|
| फाटवालाको सही | सिफारिस गर्नेको सही | फुकुवाको निर्णय दिने अधिकारीको सहि |

अनुसूची– १८

चुरे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

## यातायात सेवा पुनः सञ्चालन अनुमति

१. यातायात सेवाको नाम र ठेगाना–

२. दर्ता मिति–

३. पुनः दर्ता मिति–

४. यातायात सेवाको प्रोपाइटर– साझेदार वा सञ्चालकहरूको नाम –

५. यातायात सेवाका पुँजी रजिष्ट्रड–

(क)चालु – (ख) अधिकृत

६. यातायात सेवामा संलग्न सवारीको विवरण

| क.सं | सवारी धनी | सवारी दर्ता नं. | सवारी दर्ता मिति | सवारी किसिम | सेवाको किसिम |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

७. सवारीमा कार्यरत कर्मचारी र मजदुरको नियुक्ति र विवरण–

८. अन्य विवरण–

यातायात सेवा पुनः सञ्चालन गर्न अधिकृतको सही

अनुमति प्राप्त गर्नेको सही

नाम थर-

मिति-

निर्देशन- १.

२.

३.

आज्ञाले,

तेज बहादुर बोगटी

प्रमुख प्रशासकीय अधिकृत